CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक संसार

pustak sansar

पूर्णाङ्क ७, असोज-कात्तिक २०६७

जीवन आफैमा उत्सवले भरिएको छ । वर्षमा एक-दुईचोटि आउने चाडपर्वभन्दा बढी म दिनहुँ यो जीवनमा आउने उत्सवहरू मनाउन चाहन्छु ।

–रवीन्द्रनाथ टैगोर

दसैं-तिहारको खुराक

छुट्टी अथवा फुर्सद भन्नासाथ खेलेर, खाएर अथवा रमझममै मात्र समय बिताउने पुरानो संस्कारबाट नेपाली समाज धेरै अघि बढिसकेको छ । मौका मिल्नासाथ सिर्जनात्मक काममा लाग्ने अथवा लेखपढ गर्ने आनीबानी बढ्दै गएका बेला दसैं-तिहारको यो लामो फुर्सदमा उपभोग गर्न मिल्ने केही दिमागी खुराकको प्रबन्ध हामीले यसपटक गरेका छौं । बजारमा पछिल्लोपटक निस्केका, चर्चामा रहेका अथवा नरहेका र पठनीय केही कृतिबारे जानकारी दिँदै दसैं-तिहारको यो खुराक तयार पारिएको हो ।

(साब्जि + पत्नी) =

दसैं आयो, खाउँला पिउँला

–विमल कोइराला

मेरा पनि नानीहरू छन् र,
ती पनि अरूको भैं
मसँग आफ्नो अधिकार माग्ने गर्छन्
त्यसको बदलामा म
तिनीहरूलाई फगत्
म्वाई खाएर टारिदिन्छु ।
अबुझ तिनीहरू
हँस-निल्ने गर्छन्,
मेरी आमा छिन्
तो वर्षका सबै दिन हाँस्छिन्
(सायद तो फलोस्, फुलोस् भन्छिन्)
तर, एकदिन रुन्छिन्
मेरा बाबु छन्
ती पनि वर्षको एकपल्ट
भावुक हुने गर्छन्,
यसरी ती सायद
दसैंलाई धिक्कार्छन्
(सायद यो नआओस् पनि भन्छन्)
मेरी पत्नी
ऊ भन्ने गर्छे
उसलाई एउटा आह्वान पटक्कै मन पर्दैन
एउटा किंवदन्ती
एउटा दन्त्यकथा
एउटा अतिरञ्जना
एउटा भयानक व्यङ्ग्य
उसको फाटेको सारी र
च्यातिएको ब्लाउजको
आँखीझ्यालबाट
उसको पूर्वजुनीदेखि
उसको कर्मसँगै
सधैं भन्ने गर्छ–
'दसैं आयो, खाउँला पिउँला ।'

(कवि विमल कोइरालाको 'दसैं आयो, खाउँला पिउँला' कविताको अंश)

पेन-लभर्स पहाडी १० पेज

गीतिकार हरिभक्तको अन्तर्वार्ता १६ पेज

मदन पुरस्कारको कुरा २२ पेज

देवकोटाको अंग्रेजी २७ पेज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार-विचार

सम्पादकीय

नेपाली साहित्यमा सधैंजसो चर्चा गरिने विषय हो– पुरस्कृत कृति र लेखक । पुरस्कार नपाउने र चर्चामा छाउन (आउन) नसक्ने लेखक सधैं ओझेलमै हुन्छ । इलाम आठघरेकी तारा राई अथवा महेन्द्रनगरका नरबहादुर साउँद पनि महिनौं अथवा वर्षौंसम्म कतै हराएर पुस्तक वा पुरस्कारका कारण एकाएक बाहिर छाइरहेका हुन्छन् । एक अर्थमा यो स्वाभाविक पनि हो । प्रतिभा र सिर्जनाको खोजी गर्ने, बाहिर ल्याउने अथवा सम्मान दिने संस्कार र संयन्त्र नभएको नेपाली समाजमा जे-जति गर्न सकिन्छ, आफैंले गर्नुपर्छ भन्ने मान्यता रहिआएको छ । तर यो 'आफैं' भन्ने शब्दावली आफैंमा विचारणीय छ । हल्ला गरेकै भरमा अथवा ठूलो चर्चा गराएकै भरमा स्थापित हुन खोज्ने र पुरस्कारको होडमा लागिपर्ने पद्धति पनि हामीकहाँ नभएको होइन ।

'आचार, सदाचार, व्यभिचार' जस्ता शब्दहरु सधैंजसो राजनीतिक अथवा आर्थिक जगत्मा मात्रै मान्य हुन सक्छन् भन्ने सोचाइ धेरैमा रहिआएको छ । तर अबको युगमा साहित्यिक जगत्मा लागिपरेका लेखक, स्रष्टा र प्राज्ञ जो-कोहीले यी शब्दको उपयोग अथवा दुरूपयोगबारे ख्याल राख्नु जरूरी छ । 'बार्टर' शैलीमा एक-अर्काको प्रशंसा गराउने, कामभन्दा नामका खातिर मात्रै प्राज्ञ बन्ने अथवा कसैलाई पुरस्कृत गरिदिने लोभमा सिर्जनाको दुरूपयोग गर्ने विषयहरु आचार अथवा व्यभिचारका विषय हुन् । कुनै संस्था वा व्यक्तिका नाममा पुरस्कार कोष राखेर बर्सेनि पुरस्कारहरु घोषणा गरिरहने तर प्रदान गर्नमा भने हतार नदेखाउने अथवा मान-सम्मानकै कुरामा पनि नातावाद-कृपावाद देखाउने प्रवृत्तिलाई पनि 'व्यभिचार' मान्न सकिन्छ । बडादसैं र शुभदीपावलीको मुखैमा निस्केको 'पुस्तक संसार'मा यसपटक यही 'आचार-विचार' झल्कने केही सन्दर्भ सामग्री समेटिएका छन् । साहित्यिक शोध र अन्वेषणमा ऐतिहासिक नाम रहेका कमल दीक्षितमाथि गरिएका केही प्रश्नहरु र प्रश्नभन्दा पनि जवाफले प्रश्नकर्ताले नसोचेको स्पष्टीकरण दिएका छन् भने धेरैअघि कवि ईश्वरवल्लभले समवयी हरिभक्त कटुवालमाथि गरेको प्रश्नोत्तर पनि आचार-सदाचारका प्रतीक-विम्ब हुन् ।

जे-जति अनियमित क्रम भए पनि चाडपर्वका मुखमा पुस्तक-संसारको नयाँ संस्करण ल्याउन सकेकोमा हामीलाई खुसी लागेको छ । मुखमा रहेका यी पर्वहरु समस्त लेखक र शुभेच्छुकवर्गका लागि आपसी सद्भाव, मिलाप र सिर्जनाका सेतु बन्न सकून् भन्ने कामना गर्दछौं ।

गोविन्दप्रसाद श्रेष्ठ
२०६७, दशैं

मंगलमय कामना

देश-दुनियामा रहेका हिन्दूमार्गी नेपाली मात्रको महान् पर्व दसैं तथा तिहारको अवसरमा परापूर्वकालदेखि प्रचलनमा रहेका यी चाडपर्वहरू आपसी प्रेम, सद्भाव र एकताका प्रतीक बन्न सकून् भन्दै समस्त पाठक र शुभेच्छुकगणमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

रत्न पुस्तक भण्डार
एवं
पुस्तक संसार परिवार

रत्न पुस्तक भण्डारका प्रबन्धक
गोविन्दप्रसाद श्रेष्ठद्वारा
प्रकाशित/सम्पादित

तस्विर : कुमार आले
साजसज्जा: टाइम्स क्रियशन
मुद्रण: प्रिन्टिड सोलुसन, काठमाडौं

रत्न पुस्तक भण्डार
पोष्ट बक्स: ९८, ७१ 'ग' ब्याङ्मार्ग
बागबजार, काठमाडौं- नेपाल
टेलिफोन: ९७७-१-४२२३०२६, ४२४२०७७
फ्याक्स: ९७७-१-४२४८४२१
ई-मेल: rpb@wlink.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वादिलो पुस्तक संसार



अन्तर्वार्ताको संग्रह **प्रसङ्गवश**को विमोचन गर्दै अन्तर्वार्ताकार श्रीओम श्रेष्ठ र रत्न पुस्तकका प्रवन्धक गोविन्दप्रसाद श्रेष्ठ

'कर्णाली ब्लुज' उपन्यासको विमोचन समारोहमा उपन्यासकार बुद्धिसागर चपाईले भनेका थिए, 'मैले लगातार तीन महिना नसुती यो कृति तयार गरेको हुँ । अब नसुत्ने पालो तपाईहरुको हो, मलाई विश्वास छ– तपाईहरु पनि यो उपन्यास पढिन्जेल केही रात सुत्नुहुने छैन ।'

विगतमा कविजीको चिनारी लिएर हिँडेको एउटा नवोदित उपन्यासकारले फुर्तीको स्वरमा यस्तो उद्घोष गर्दा सामु त्यस्तो गुदी होला जसले नेपाली समाजलाई जागै राख्न सक्नेछ भन्ने स्वभावतः लागेको थियो । तर उपन्यासकारले भनेको तहमा त पक्कै होइन, केही-केही अंशमा भने 'कर्णाली ब्लुज'ले काम गऱ्यो– पाठकको पठन रूचि बढाउने कुरामा । विषयगत नवीनता र मौलिक भाषाशैलीका कारण बुद्धिसागर पहिलो उपन्यासबाटै स्थापित भएका छन् । उनको उपन्यास बजारमा अहिले 'बेस्ट-सेलर'को सूचीमा छ ।

> 'छापामार युवतीको डायरी' प्रकाशन भएको चार महिनायता लगातार 'बेस्ट-सेलर' छ ।

बसेका धेरै पाठकजनको मनमस्तिष्क हुँडलिएको थियो ।

एउटा लेखक सिंगो समाज र समयसँग घुलमिल भएर हिँड्नुपर्नेमा 'नवप्रवेशी हुँकार' देखाएकोमा दुःखमनाउ गर्ने फ्यानहरु पनि केही थिए । फाइन प्रिन्ट्सले निकालेको ३ सय ५० रूपैयाँ मूल्यको उपन्यासमा के छ कक्षा मात्रै पढेकी इलाम, आठघरेकी तारा राई अहिले एकाएक धेरै पाठकको रोजाइमा परेकी छन् । एकदमै थोरै समय (तीन महिना १९ दिन) माओवादी छापामार भएका आधारमा र एक वर्ष कारागार बसेको भोगाइमा







Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनले लेखेको 'छापामार युवतीको डायरी' प्रकाशन भएको तीन महिनायता लगातार 'बेस्ट-सेलर' छ । पाँच संस्करणमा निस्किसकेको पुस्तक संख्या मात्रै ७ हजार बिक्री भएको छ भने आगामी जनवरीभित्रमा यो डायरी अंग्रेजीमा समेत अनुवाद भएर बजारमा आउनेछ । 'मेरो निर्दोष लेखाइ भएकाले हुनसक्छ, डायरी मन पराउने पाठकहरु धेरै हुनुभएको छ,' तारा भन्छिन्, 'मैले डायरीमा माओवादी, पुलिस, आर्मी सबैलाई मान्छेको हिसाबमा मूल्यांकन गरेर सबैको गुण-दोष देखाउन चाहेकी हुँ । यसैले पाठकीय नजरमा मेरो डायरी सही जँचेको हुनसक्छ ।' पूर्वछापामारहरुका बारेमा अध्ययन-शोध गरिरहेका बेलायतका प्राध्यापक डा. माइकल हटका बुझाइमा तारा राईको डायरी कहींकतै 'एकोहोरो र एकपक्षीय' नभएकाले पनि यसमा पाठक आकर्षण बढेको हुनसक्छ ।



जीवन काँडा कि फूल कृतिकी लेखक झमक कुमारी

> नारायण ढकालको उपन्यास 'प्रेतकल्प' तेस्रो संस्करण हालै बजारमा आएको छ ।

यसपटक गैरआख्यान कृति नेपालका बालीनाली र तिनको दिगो खेती'ले प्रतिष्ठित मदन पुरस्कार पाएपछि वर्षकै चर्चा र चल्तीका साहित्यिक पुस्तकहरु भने एकाएक प्रतिस्पर्धाको मैदानबाट पाखा परेजस्तो भयो । लेख्नलाई मात्रै छ वर्ष लागेको र प्रकाशनमै १० वर्ष अल्झेको नरबहादुर साउदको बालीनालीबारेको कृति मदन पुरस्कारको दौडमा एक नम्बर बनेपछि गैरआख्यान कृति 'गैंडालाई चार वर्ष' (कमलजंग कुँवर) र 'कर्ण' (महाकाव्य, नवराज लम्साल), 'उर्गेनको घोडा' (उपन्यास, युग पाठक) जस्ता आसलाग्दा कृतिहरु एकाएक बाहिरिए । लेखन, प्रकाशन र वितरणमै १७ वर्ष लागेको कृषि उपजबारेको कृति कति सामयिक, वैज्ञानिक र आधारसम्मत छ भन्ने आधार पुष्टि हुन बाँकी छ ।

गुण, चर्चा र बिक्रीमा अब्बल रहेका नारायण ढकालको उपन्यास 'प्रेतकल्प' गत वर्ष मदन पुरस्कारको होडबाट बाहिरिए पनि त्यसले साझा पुरस्कार पाउन सक्यो । चर्चामा रहेको ध्रुव सापकोटाको उपन्यास 'अकल्पनीय' पनि नेपाली भाषा-साहित्यका शुभेच्छुक जीवा लामिछानेले आफ्ना पितामाताका नाममा स्थापना गरेको 'पद्मश्री







Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरस्कार' बाट पुरस्कृत भएर चर्चा धान्ने काम भइरह्यो । सापकोटाको कृतिसँगै नवकथाकार अमर न्यौपानेले पनि उनको कृति 'पानीको घाम'का लागि पद्मश्री पुरस्कार बाँडीचुँडी पाएका छन् । यी चर्चाका कृतिहरूमध्ये मदन पुरस्कार पाउने 'नेपालका बालीनाली र तिनको दिगो खेती' मात्रै साझा प्रकाशनबाट प्रकाशित भएको हो भने अरु सबै निजी प्रकाशनबाट आएका हुन् ।

अनुवादको लहर

नेपाली साहित्यमा अहिले अंग्रजीमा लेख्नेसँगै अनुवादमा भए पनिं पुस्तक निकाल्ने क्रम निकै बढेको छ । पछिल्लो महिनामा मात्रै गोविन्दराज भट्टराईको 'सुकरातका पाइला' अंग्रजी (सोक्रेट्स फुटस्टेप) मा आएको छ । भट्टराईको 'मुगलान' उपन्यासको पनि तिहारलगत्तै अंग्रेजी संस्करण आउँदैछ । तारा राई 'अनमोल'को सफल डायरी कृति 'छापामार युवतीको डायरी' पनि अंग्रेजी अनुवादमा आउने भएको छ भने कमलजंग कुँवरको चर्चा र बिक्रीमा अग्रणी कृति 'गैंडालाई चार वर्ष' पनि अंग्रेजीमा आउँदैछ ।

साहित्यकार, चित्रकार एवं पुरातत्वविद् लैनसिंह बाङदेल पनि अहिले धेरै पाठकका लागि उपयुक्त दिमागी-खुराकभैं बनेर बजारमा छाएका छन् । भारतको दार्जिलिङमा जन्मे-हुर्केका लैनसिंह सन् १९५१ देखि १९६२ सम्म युरोपका बेलायत, फ्रान्सलगायतका मुलुकमा अध्ययन एवं भ्रमणमा पुगेका थिए । त्यही बीचमा उनको कला र साहित्य जीवनले फल्ने-फुल्ने अवसर पायो, अनि त्यही बीचमा उनको जीवनसाथी मानु थापा (बाङदेल) सँग भेट भयो र लैनसिंह-मानु जीवनका पर्यायभैं एउटै बाटोमा हिंड्न थाले । त्यो एक दशकभन्दा लामो जीवन यात्राका सबै आरोह-अवरोहलाई बाङदेलले दैनिकी (डायरी) मा उतारेका रहेछन् । त्यही डायरीको सम्पादित रूप झन्डै ५ सय पृष्ठको पुस्तकाकार रूपमा बजारमा आएको छ, 'मुलुक बाहिर म' नाममा । लैनसिंहपुत्री डा. डीना बाङदेल र पत्रकार देवेन्द्र भट्टराईको सम्पादनमा निस्केको यो दुर्लभ कृतिमा व्यक्तिगत जीवनका कुराकानी मात्रै होइन, राष्ट्र-राष्ट्रियता-आफ्नोपनाका विषयमा पनि प्रशस्त आत्मपरक प्रसङ्गहरु छन् ।

> धेरैले नसोचेको कृषि विषयको कृतिले मदन पुरस्कार पाएको छ ।







Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो कृति आफै विमोचन गर्दै उपन्यासकार बुद्धिसागर

'मुलुक बाहिर म' प्रकाशनको दुई महिनामै यसको पहिलो संस्करण सकिएको छ भने यसभित्र रहेका साहित्यकार बीपी कोइराला, धरणीधर कोइराला, गुरूप्रसाद मैनाली, कमल दीक्षित, बालकृष्ण सम, केशरशमशेर, सूर्यविक्रम ज्ञवाली, गणेशमान सिंहलगायतका विशिष्ट पात्रहरूको आधा शताब्दी पुरानो समय र समाजको झल्को दिलाउने पत्रहरू पुस्तकभित्रका पठनीय खुराक बनेका छन् । पाठकलाई न्याय पुगोस् भनी लागत मूल्यभन्दा कममा निकालिएको पुस्तकले पहिलोपटक नेपालीमा डायरी-साहित्यको रूचि र आकर्षणलाई पनि बाहिर ल्याएको छ । यसअघि बीपी कोइरालाका 'जेल जर्नल', 'आत्मवृत्तान्त' जस्ता कृतिहरू बाहिर आए पनि बाङदेलको 'मुलुक बाहिर म' आफैंमा निजात्मक डायरी भईकन राजनीति, समाज, देश र कला-साहित्यका सन्दर्भहरू उक्काउनमा मानक कृति बनेको छ ।

नेपाली पुस्तक बजारमा धेरैले नसोचेको र नपत्याएको अर्को दिमागी-खुराक बनेको छ– जीवन काँडा कि फूल । शारीरिक रूपमा अशक्त २९ वर्षीय लेखक झमक घिमिरेको 'अटोबायोग्राफी' हो यो जुन् पुस्तक प्रकाशनको तीन महिनामा ५ हजार प्रति बिकेको छ भने चर्चा र बहसमा पनि यो कृति एकसाथ अगाडि छ । 'झमक घिमिरेले खपिरहेको असाध्य शारीरिक अपाङ्गतालाई मेडिकल साइन्सले प्रतिमस्तिष्कीय पक्षघात भनेको छ । यो लक्षणबाट प्रताडित विश्वका ११ जना प्रसिद्ध लेखकमध्ये झमकको नाम आउँछ । स्टिफिन हकिन, जेरी ट्रेलर, क्रिस्टी ब्राउन, क्रिस नोलानजस्ता व्यक्तित्व छन् । तिनैका हारमा एसियाली एक मात्र स्रष्टा झमक घिमिरेको नाम रहेको छ,' पुस्तकको गत असारमा भएको विमोचन क्रममा समालोचक डा.गोविन्दराज भट्टराईले भनेका थिए । हो, उनै शारीरिक अशक्तता बेहोर्ने झमक अहिले धेरैका लागि दह्रो मानसिक खुराक दिलाउने नाम बनेकी छन् ।

चालीसको दशकमा कथा, उपन्यास र कविता लेखनमा ऊर्जाशील नाम बनाएकी प्रेमा शाहको रचना दसैं-तिहारको मुखमा स्वादिलो खुराक बनेर आएका छन्– पहेंलो









Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुलाफ शीर्षक संग्रहमा । 'पहेंलो गुलाफ' कथासंग्रह र 'विषयान्तर' तथा 'मम्मी' उपन्यासलाई एउटै संग्रहमा समेटेर डेढ सय पेजको कृति आएको छ, रत्न पुस्तक भण्डारबाट । पुरानो प्रकाशन भए पनि हरिभक्त कटुवालका 'यो जिन्दगी खै के जिन्दगी' (कवितासंग्रह) र 'प्रस्टीकरण' (कथासंग्रह) को पुनर्संस्करण पनि बजारमा राम्ररी बिक्री भइरहेका छन् । रवीन्द्र समीरका छोटा र प्रयोगशील कथाहरूको संग्रह 'अर्जुनदृष्टि' र 'ईश्वरका कथा' (दोस्रो संस्करण) पनि राम्रा दिमागी खुराक हुन् । यस्तै, पुनर्संस्करणमा आएका गैरसाहित्यिक कृतिहरु 'देखेको मुलुक' (कनकमणि दीक्षित), 'गैंडालाई चार वर्ष' (कमलजंग कुँवर) र 'रेगिस्तान डायरी' (देवेन्द्र भट्टराई) पनि चर्चा र बिक्री आधारमा समेत नयाँ संस्करणमा आइरहेका छन् । संगीतज्ञ अम्बर गुरूङको 'कहाँ गए ती दिनहरु र गणेश रसिकको 'दशगजामा उभिएर' (संस्मरण) को पनि नयाँ संस्करण फेरि पाठकसामु आएको छ । भर्खरै साझा प्रकाशनबाट आएको कवि दिनेश अधिकारीको 'सीमान्त सपना' र फाइन प्रिन्टबाट प्रकाशित हरि अधिकारीको 'गार्मेन्टकी गायत्री' कविता-संग्रह पनि पठनीय छ ।

पैरवी बुक्सबाट प्रकाशित श्रीरामसिंह बस्नेतको 'यौनका सुखदुःख' निकै चर्चा र बिकाउ कृति बनेको छ । यस्तै, अर्किड बुक्सबाट बजारमा आएका उपन्यास 'अप्रिय' (ध्रुवचन्द्र गौतम) र निबन्धसंग्रह 'चम्पारन ब्लुज' (रोशन शेरचन) पछिल्ला उल्लेख्य कृति हुन् । खण्ड-खण्डका रूपमा व्याकुल पाठकको सम्पादनमा आइरहेको प्रख्यात नेपाली कथाको तेस्रो भाग पनि संग्रहणीय कृतिका रूपमा आएको छ । अफगानिस्तानदेखि इराकसम्मको युद्धभूमिमा रहेका केदार सुनुवार 'संकेत'को हालै प्रकाशित 'ऐथेन्सको झरी' पनि नयाँनौलो भूगोलमा गरिएको नियात्राको पठनीय सामग्री रहेको छ । रत्न पुस्तक भण्डारबाट दोस्रो संस्करणका रूपमा आएको भए पनि भारतीय नेपाली उपन्यासकार अर्जुन निरौलाको 'शिशिरको बतास' निकै पठनीय छ । भारतको पश्चिम बंगाल लगायतका विश्वविद्यालयमा स्नातकोत्तर सन्दर्भ कोर्समा राखिएको यो उपन्यास प्रथमपटक २०२८ सालमा छापिएको थियो । २००३ सालमा भारतको आसाममा जन्मेका उपन्यासकार निरौलाको दस वर्षअघि निधन भएको थियो ।

> पैरवी बुक्सका खगेन्द्र भट्टराईका अनुसार हिजोआज साहित्यका पुस्तक बेचेर पनि व्यवसाय गर्न सकिने स्थिति आएको छ। विगतमा जस्तो राजनीतिका पुस्तकको बजार अहिले शून्यमै झरेको छ ।

- पुस्तक संसार प्रतिनिधि









Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठकका लागि ३५ पुस्तक

बजारमा पाइने पुस्तक-खुराकबारे बुटवल, मिलनचोकस्थित **हिमालय बुक हाउस** (०७१-५४१००९) ले असोज १७, २०६७ मा निकालेको सूचीले पनि पाठकको स्वाद र रुचिलाई प्रतिनिधित्व गर्न सक्छ । सूची यसप्रकार छ–

१. युग पाठकः उर्गेनको घोडा रू. २७५
२. देवेन्द्र भट्टराईः रेगिस्तान डायरी रू.२२५
३. ध्रुव सापकोटाः अकल्पनीय रू. १७५
४. तारा राईः छापामार युवतीको डायरी रू. १५०
५. गणेश रसिकः दशगजामा उभिएर रू. १४५
६. भारती गौतमः स्मृतिमा भिमु रू. २००
७. रवीन्द्रनाथ टैगोरः गीताञ्जली रू. १५०
८. मोहनराज शर्माः सलिजो रू. २३०
९. प्रदीप नेपालः पाइला छाडेर अस्ताएको घाम रू. २५०
१०. डा. बल्लभमणि दाहलका भाषिक चिन्तन रू. १५०
११. अनमोलमणि : नीलिमा र गाढा अँध्यारो रू. १३५
१२. प्रभा कैनीः अनाबृत रू. २२५
१३. कृष्ण धराबासी : आधा बाटो रू. ४००
१४. पट्रिसिया म्याक्कोरमिक : बेचिएकी रू. ३००
१५. पर्ल एस बक : कल्याणी धरती रू.१५०.००
१६. रोशन शेरचनः चम्पारन ब्लुज रू. २००
१७. बुद्धिसागर : कर्नाली ब्लुज रू. ३५०
१८. खप्तडबाबाः स्वास्थ्य विज्ञान रू. १५०
१९. खप्तडबाबा : विचार विज्ञान रू. ७५
२०. दिनेशराज सत्याल : बालबालिकासंग कसरी व्यवहार गर्ने रू. ९५
२१. प्रमोद मैनालीः नेपाली इतिहासका कोसेढुङ्गा रू. २४०
२२. डा. राजेन्द्र बिमलः मिथिलाको इतिहास, संस्कृति र कला परम्परा रू. १७५
२३. प्रदीप ज्ञवालीः फिनिक्स पंक्षी र एमालेको पुनर्जीवन रू. २५०
२४. कर्ण शाक्यः म सक्छु रू.३००
२५. कर्ण शाक्यः खोज रू. ३००

मणिको 'परास्त प्रेम'

कवि एवं पत्रकार मणि लोहनीको कथासंग्रह 'परास्त प्रेम'को असोज १५ मा आयोजित एक समारोहमा विमोचन भएको छ ।

'संग्रहमा रिपोर्ताज शैलीका कथाहरु छन्, यसमा पत्रकार हुनुको सीपले काम गरेको हुन सक्छ,' समीक्षक कथाकार भुवन ढुङ्गानाले भनिन्, 'विशेषगरी महिला पात्रको चित्र र विम्बलाई कथाकारले समेटेका छन् ।' विभिन्न पत्रपत्रिकामा प्रकाशित १६ कथाको यो संकलनलाई म्याग लाइब्रेरीले प्रकाशित गरेको हो । आख्यानकार ध्रुवचन्द्र गौतमले विमोचन गरेको संग्रहबारे बबिता बस्नेत र स्वयम् कथाकार लोहनीले पनि मन्तव्य राखेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मोनालिसा र मार्च ८

उमेश राई 'अकिञ्चन'

ओ, इन्द्रेणी नायिका
सदियौं कुँजिएर
एउटा फोटो फ्रेममा
कति कुरिरहन्छौ
घाम र पानीको आगमन
म दिन चाहन्छु तिमीलाई
नीलो आकाशमा
उड्दै गरेको चरा
तिमीले पोल्नुपर्छ मुस्कान
समयको
तिमीले फेर्नुपर्छ परिभाषा
सौन्दर्यको
तीव्र गतिमा आएर
हुइँकिएको बेपत्ता बतासले
बोलेजस्तो
दिन चाहन्न
उधारो रूपमा
जस्तो कि
'रोपेको छु
तिम्रो आँखामा
छोपेको छु

तिम्रो पछ्यौरीले
पीडाको कुरूप अनुहार
कोरेको छु
तिम्रो हत्केलामा
युग हिँड्ने गोरेटो'
बरू सम्झाउन
चाहन्छु म
घरको चार दिवारभित्र
किन सीमित हुन्छौ ?
बटुल्दै बगरमा टेकेका
सम्झनाका डोबहरु
किन गनेर राख्छौ
मान्छेको उमेरभरि
कत्तिपटक अस्ताउँछ घाम ?
बरू हिँड्नु
छिमेकी दिदी नोरासँगै
मानिसहरूको भीडमा
एकजोर स्वतन्त्र पाइला
छाम्नु चराले झैं
हावामा मिसिएको
स्वच्छन्द अनुहार ।

(नेपाल साहित्य प्रतिष्ठान, अमेरिकाले आयोजना गरेको अन्तर्राष्ट्रिय कविता प्रतियोगितामा प्रथम भएर १ हजार डलर पुरस्कार प्राप्त गर्न सफल कविता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'पेन-लभर्स' पहाडी

काठमाडौं– कथा लेखनमा निकै चिनिएका र गनिएका पात्र हुन्– किशोर पहाडी । तर पछिल्लो एक वर्षमा भने किशोरको धुन अर्कै छ–अनलाइन धुन ।

इन्टरनेटले दिएको सुलभ सेवा-सुविधाको फेसबुकभित्रको लिंकबाट 'साहित्यिक समाचार विशेष' कर्म सुरु गर्दै एक वर्षयता यही लिंकमा विशुद्ध साहित्यिक समाचार अपडेट गर्ने कामकुरामा पहाडी जुटेका छन् । हरेक दिन बिहान र कहिलेकाहीं दिनमा दुई/तीनपटक यस्तो साहित्यिक अपडेट हेर्न सकिन्छ, फेसबुकको पेन लभर्स इन नेपाल वेबपेजमा ।

'तर म सुन्दैछु, सरकारले फेसबुक पनि बन्द गर्न लागेको छ रे । त्यो भयो भने त मेरो साहित्यिक धुन र अपडेट पनि टुङ्गिनेछ,' मस्तिष्कमा रगत जमेको पाइएपछि उपचारमा काठमाडौंको अन्नपूर्ण न्यूरो हस्पिटल ल्याइएका कवि तीर्थ श्रेष्ठलाई भेट्न आएका बेला पहाडीले भने । तर फेसबुक बन्द भए पनि वेबपेजका अन्य उपाय निस्कनेमा उनी एकैसाथ ढुक्क पनि थिए ।

२०५० सालतिर 'सौरभ' भन्ने साहित्यिक टिपनटापनको पत्रिका निकाल्ने गरेका पहाडीले त्यसमा साहित्यकार एकदमै निजी खालका समाचार पनि समेटेका हुन्थे । निजी प्रयास, पहल र फुर्सदमा निकालिएको त्यो प्रकाशनले अनियमित रूपमै तीन वर्षसम्म निरन्तरता पायो । 'अहिले भने नेपाली साहित्यिक खबरलाई अन्तर्राष्ट्रियकरण गर्ने सुरमा पेन लभर्स इन नेपाल थालिएको हो,' उनले प्रस्ट्याए । यो फेसबुक खबरमा अहिले १ हजार जति मेम्बर बनेका रहेछन् । उनको फेसबुक-लिंक हेर्नेलाई तत्कालै थाहा लाग्छ– कवि उपेन्द्र श्रेष्ठको निधन, कथाकार मणि लोहनीको कथा संग्रह विमोचन, कवि तीर्थ श्रेष्ठ उपचारमा, समालोचना विधाको कृतिका लागि कवि पुरुषोत्तम सुवेदीलाई २०६५ सालको साझा पुरस्कार...आदि आदि ।

'घर खण्डहर', 'बाँच्नु र बाँचेकाहरू', 'सर्वज्ञ र सेक्स', 'बिसु दाइ', 'कथाकोण' जस्ता कथासंग्रह निकालिसकेका पहाडीका 'सहरमा बत्ती निभेका बेला' नामको कवितासंग्रह पनि प्रकाशित छ । यस्तै बालकथातर्फ 'हाँस र फुच्ची केटीहरू', 'आ-आफ्नो भाग', 'लमलमती दम' र अनुवाद कथामा 'यो तलाको मालिक' र 'एकैसाथ हाँसौं' संग्रहहरू पनि प्रकाशनमा आइसकेका छन् । काठमाडौं सहरनजिकैको फर्पिङ पहाडमा जन्मेका किशोरमान श्रेष्ठले यही जन्मका कारण आफ्नो नाममा 'पहाडी' लेख्न थालेका हुन् ।

'अहिले भने पहाडी न गाउँले भइएको छ,' काठमाडौं महानगरका बासिन्दा उनले सुनाए, 'बरु किशोर महानगरीय भइएको छ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'बलरामकृष्णले जिरी स्कुलको भत्केको टहरो सम्फिएर १० लाख रूपैयाँमा स्मृति भवन बनाइदिएका छन्'

एक जना नमुना हेडसर



बलरामकृष्ण मानन्धर २०१८ सालदेखि झन्डै तीन वर्षसम्म जिरीको स्कुलमा हेडमास्टर बने । त्यसबेला उनले मुस्किलले सबै गरेर ३० हजार रूपैयाँ कमाएका थिए होलान् । तर त्यो हेडसर बनेको ५० वर्षपछि त्यो टहरो स्कुलको मायाले तानिएर उनै बलरामकृष्णले १० लाख रूपैयाँमा एउटा भवन बनाइदिएका छन् ।

राजा त्रिभुवनको कम्पाउन्डर रहेका बाबु चन्द्रमान सैंजू प्रजा परिषद्को संस्थापक समूहमा पनि भित्री र बाहिरी रूपमा सक्रिय थिए । राजनीतिक हावाका कारण पारिवारिक कठिनाइ सामना गरिरहेकै बेला १९९६ सालमा चन्द्रमानका छोरा बलरामकृष्ण मानन्धर जन्मिएका थिए ।

बलरामसँग सुरूमै जातपातको रमाइलो कुरा छ । 'सैंजू' ठूलो कि 'मानन्धर' भनेर बहस भइरहेका बेला पिता सैंजूले पुत्रको थर फेरेर मानन्धर राखिदिएका रहेछन् । 'जानीनजानी राजनीतिले छोएजस्तै भयो । २०१५ सालमा म कम्युनिस्ट नेता पुष्पलालको अघोषित निजी सहायक भइसकेको थिएँ,' बलराम आफ्नो समय सम्झँदै थिए, 'तर २०१७ सालपछिको स्थिति अर्कै रह्यो । एक त बीएको परीक्षामा पास नहुने अवस्था थियो भने अर्कातिर विवाह भएर दुई महिनाकी छोरी पनि थपिएकी थिई ।' केही नयाँनौलो काम-कुराको खोजी भइरहेका बेला जिरीको कृषि परियोजनामा सहसंयोजक रहेका प्रयागदत्त तिवारीले स्विस सहयोगमा खुलेको जिरीको स्कुलमा मास्टर चाहिएको खबर सुनाएका रहेछन् ।

'म काठमाडौं नछाडेको नेवार, जिरीको हाटडाँडा पुग्न यहाँबाट श्रीमती र छोरी लिएर लगातार आठ दिन हिँड्नुपरेको थियो,' आफू मास्टर बनेर गएको त्यही स्कुलले यो मंसिर २५ मा स्वर्ण जन्मोत्सव मनाउन लागेको सन्दर्भमा त्यसबेलाका हेडसर बलराम एकैसाथ धेरै कुरा सम्झिरहेका थिए । लोग्ने-स्वास्नी नै जाने भएमा मासिक ७ सय रूपैयाँ तलब (त्यसबेला सचिवसरह) दिने भन्ने सूचनाले तानिएर बलराम हेडसर बनेर गएका थिए भने उनकी श्रीमती गंगादेवी शिक्षिका । दुई कक्षासम्म मुस्किलले १०/१५ जना विद्यार्थी रहने स्कुल भने हाटडाँडामा उभिएको टहरो मात्रै रहेछ । जिरी बजारछेउको कृषि फर्म नजिकैको डेराबाट स्कुल आइजाइ गर्न मात्रै पनि एकोहोरो एक घन्टा पैदल लाग्ने रहेछ ।

'आफूले बेहोरेको लठ्ठी देखाएर पढाउने चलन ठीक लागेन । त्यही भएर फकाई-फकाई पढाउने, नानीहरूको सिँगान पुछिदिनेसम्मका काम गरिन्थ्यो,' उनी सम्झँदै थिए । फुर्सदमा प्रौढशिक्षाका कक्षा पनि लिने रहेछन् । जिरी छँदै श्रीमती गंगालाई ब्रेन-ट्युमर भएपछि भेलोर जानुपरेको र पछि श्रीमती बितेपछि साली सीतादेवीले जिरी स्कुलमा केही समय शिक्षिका बनेर जिम्मेवारी थामेकी रहिछन् । पछि यिनै सीतादेवीसँग बलरामले घरजम गरेछन् । संयोग र लेखान्तको कुरा पनि छ बलरामसँग । यदि उनलाई बीए जाँच पास गरूँला भन्ने लागेको भए २०१८ सालमा काठमाडौं छोड्ने रहेनछन् । त्यसो भएको भए जिरी स्कुलले यस्ता गुनी हेडसर पनि पाउने थिएन । तर काठमाडौं छाडेर जिरी पुगेपछि फेरि खबर आएछ– बलरामले बीए परीक्षा उत्तीर्ण गरे भनेर ।

झन्डै तीन वर्ष जिरी बसेपछि काठमाडौंमा कृषि विभागको प्राविधिक पद, एनआईडीसीको जागिरे हुँदै क्षेत्रपाटीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेकरी सेन्टर खोलेर बलरामकृष्ण आर्थिक रूपमा समुन्नत बनेका रहेछन् । दुई दशकयता क्षेत्रपाटी चोकमा तायोमा होटल खोलेर व्यावसायिक कामसँगै अरु समयमा नागरिक समाजका अभियान र आन्दोलनहरूमा सरिक हुने रहेछन् बलरामकृष्ण । 'तर अहिले भने आफ्नो इतिहास जोडिएको र नाम-कामको थालनी बिन्दु रहेको जिरीको सम्झनामा म डुबेको छु,' बलराम भन्दै थिए, 'त्यो आफूले पठाएको टहरो अहिले भत्किसकेको रहेछ, त्यसमा केही स्मृति भवन बनाउन सकिएला कि भनेर म लागेको छु ।'

२०५८ सालमा घुमफिरमा जिरी गएका बेला बलरामकृष्ण हाटडाँडाको आफूले पठाएको टहरो स्कुलमा पुगेका रहेछन् । त्यहाँ जिरी उच्चमाविका प्रधानाध्यापक टेकबहादुर जिरेलले पहिलोपटकको हेराइमा बलरामलाई चिनेछन् । 'तपाईं बलराम माडसाप होइन ? मैले चिनें नि,' टेकबहादुरले भनेछन् । त्यो चिनारीबाट जिरीसँग बलरामकृष्ण फेरि जोडिएका रहेछन् । आफूसँगै ५० वर्षअघि त्यो स्कुलमा पढाउन गएकी श्रीमती गंगादेवीका नाममा गंगा स्मृति भवन बनाउन बलरामले १० लाख रूपैयाँभन्दा बढीको आर्थिक सहयोग गर्ने भएका रहेछन् । 'भविष्यमा सकियो भने एउटा स्थायी कोष राखेर जिरीका उत्कृष्ट छात्राहरूलाई निःशुल्क स्कुले शिक्षा दिलाउने योजना बनाएको छु,' उनी भन्दै थिए ।

'आठ दिनसम्म पैदल हिँडेर पुगिने जिरीमा २०३४/३५ सालदेखि गाडी चल्न थाल्यो । प्रकृति त छँदै थियो, हेर्दाहेर्दै त्यो ठाउँ सेवासुविधामा पनि आकर्षक बन्यो,' उनी भन्दै थिए, 'त्यो सबै स्विस सहयोगले सम्भव भएको हो । त्यहाँ कृषि, प्राविधिक शिक्षा, स्कुल, बाटो सबै स्विस योजनाले सम्भव भएको थियो । त्यसमा पनि स्विस योजनविद् जियान मन्च र नेपाली प्रयागदत्त तिवारीको गुनलाई हामीले कहिल्यै भुल्न मिल्दैन ।'

हार्दिक बधाई

'नेपालका बालीनाली तिनको दिगो खेती' शीर्षक बृहत् शोधपरक कृतिका लागि वर्ष २०६६ को प्रतिष्ठित मदन पुरस्कारबाट पुरस्कृत भएका महेन्द्रनगरका नरबहादुर साउँदलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाको सृजनशील र शोधपरक लेखनको निरन्तरताका लागि कामना गर्दछौं । दुई दशकयताको शारीरिक अशक्तताका बावजुद पनि ओछ्यान र ह्विलचेयरको जीवन-जगत्बाट उठेर सम्मानित सर्जक बन्नुभएकोमा ४८ वर्षीय साउँदका कदमहरू अरू सबैका लागि प्रेरणास्रोत बन्न सकून् भनी शुभेच्छा व्यक्त गर्दछौं ।

साथै वर्ष २०६६ कै जगदम्बाश्री पुरस्कारबाट सम्मानित जनकपुरका अर्का प्रतिभा डा.राजेन्द्र विमलले मैथिल-नेपाली भाषिक समन्वय र सम्बन्ध विस्तारमा पुऱ्याउनुभएको अथक योगदानको हार्दिकतापूर्वक प्रशंसा गर्न चाहन्छौं । दुवै स्रष्टालाई हार्दिक शुभकामना ।



रत्न पुस्तक भण्डार एवं पुस्तक संसार परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रूपावासीलाई मगर सम्मान

साठी वर्षअघि दरबार हाइस्कुलमा पढ्न आएका बखत पूर्वेली ठिटो बालकृष्ण पोखरेल बागबजारमा डेरावाल रहेछन् । डेराघरको आसपासमा एक श्रमिक युवा पनि बस्ने रहेछन्, ओखलढुङ्गातिर घर भएका मगर युवक ।

'हो, त्यही मगर कान्छो मेरो मगर भाषाको गुरू हो । तिनले राति मेरो कोठामा आएर लालटिनको उज्यालोमा मगर (बाह्र मगरात ढुट) भाषा सिकाउँथे । एक वर्ष्मै म भाषाको ज्ञाता बनेको थिएँ,' ७७ वर्षे उमेरमा हिँड्दै गरेका भाषाविद् बालकृष्ण पोखरेल सुनाउँदै थिए, 'अनि मगर भाषामै कविता लेखेर त्यही मगर कान्छालाई सुनाउँथे, अनि सच्याउने ठाउँमा पनि उसैबाट सुझाव लिन्थें ।' भाषाको त्यो गुरू मगर कान्छो फेरि कहिल्यै भेटिएन, ऊ कहाँ गयो, के भयो कहिल्यै भेट भएन । तर त्यो 'अज्ञात गुरू' (जसको नामसमेत थाहा छैन) लाई भाषाविद् पोखरेलले अझै भुलेका छैनन् । त्यही कान्छाले दिएको ज्ञानका भरमा २००७ सालमा लेखेको र २००९ सालमा निकालेको 'कानुङ् लाम' (हाम्रो बाटो) कवितासंग्रहका लागि शनिबार पाएको जीवसिम साहित्य पुरस्कार-२०६६ ग्रहण गर्न विराटनगर कर्मथलोबाट राजधानी आएका पोखरेल भन्दै थिए- म मेरा ती महागुरू 'मगर कान्छा' लाई आजीवन स्मरण गरिरहनेछु ।

जितबहादुर सिञ्जाली मगर साहित्य प्रतिष्ठानले प्रदान गरेको पुरस्कारमा २५ हजार रूपैयाँको राशि छ । 'नेपाली भाषा र साहित्य' पुरस्कारका लागि २०२२ सालका मदन पुरस्कार विजेता यी भाषाविद् 'खस जातिको इतिहास' कृतिका लागि अझ बढी चर्चामा छन् । उदयपुरको रूपाटारमा जन्मे-हुर्केका आधारमा र पछि जागिरे पिताका पिछा लागेर आफ्नो गाउँ छाड्नुपरेको वेदनामा नामका पछाडि 'रूपावासी' उपनाम झुन्ड्याएको रहस्य पनि उनले खोतले । पोखरेलको 'कानुङ लाम' कवितासंग्रह बनारसबाट छापिएको ५८ वर्षपछि यसको दोस्रो संस्करण पनि आएको छ । प्रकाशनमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा तेजकुमार सिङ्जाली र विष्णुकुमार सिङ्जालीले सहयोग गरेका छन् ।

'एउटा भाषाबाट अर्को भाषामा अनुवाद गर्ने र भाषालाई प्रबर्द्धन गर्ने कुराको त्यति अर्थ छैन,' गफगाफमा फेरि अघि सरे रूपाबासी, 'जे जहाँ छ, त्यसलाई त्यही ठाउँबाट प्रबर्द्धन गर्नुपर्छ । र, प्रत्येक नेपालीले आफ्नो मातृभाषा, खस भाषा (नेपाली) र अर्को तेस्रो भाषा पनि जान्नैपर्ने नियम बनाउनु जरूरी छ ।'

पुरस्कार समारोहमा मन्तव्य राख्न आएका भाषाविद् बालकृष्णका समकक्षी एवं झर्रोवादी आन्दोलनका सहअभियन्ता डा.तारानाश शर्माले 'कुनै पनि भाषा कुनै भाषाभन्दा कम सम्पन्न नहुने' धारणा राखे । 'म बालकृष्णज्यूलाई भाषाका ऋषि भन्छु,' उनले थपे, 'झर्रोवादी हठ र अभियानमा हामी सधैं सँगै छौं ।' डा.शर्माले नेपालीलाई 'लादिएको भाषा' नभनेर 'सम्पर्क भाषा'का रूपमा बुझ्नु-बुझाउनु जरूरी रहेको बताए । प्रज्ञा प्रतिष्ठानका कुलपति बैरागी काइलाले भाषाविद् पोखरेललाई सम्मानपत्र तथा पुरस्कार राशि प्रदान गरेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँनौलो कथावाचन

–भाउपन्थी

नेपाल प्रज्ञा प्रतिष्ठानमा हुने कार्यक्रममध्ये अलि फरक रूपमा आएको कार्यक्रम थियो– कथावाचन कार्यक्रम । असोज १५ गते नेपाली कथा विधाका सात स्थापित कथाकारले आआफ्ना कतै पनि अप्रकाशित नयाँ कथाहरू वाचन गरेका थिए । प्रतिष्ठानको गद्य/आख्यान विभागले संयोजन गरेको कथावाचनमा सातवटा कथा पढिएका थिए । वाचन गर्ने कथाकारहरूमा मोहनराज शर्मा, डा. ध्रुवचन्द्र गौत, भुवन ढुङ्गाना, सनत रेग्मी (प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव), ध्रुव सापकोटा, भागीरथी श्रेष्ठ र राजव थिए । राजवले भने नेपाली साहित्यका सबैभन्दा नयाँ शीर्षक लिएर प्रवेश गरेको डायस्पोरिक कथालेखनको प्रतिनिधित्व गरेका थिए ।

मोहनराज शर्माले वाचन गरेको कथाको शीर्षक हो 'कथान्तैकथान्त' । उनको यो कथाले कथाको अन्त्यको ठेगान नहुने आभास दिन खोजे पनि कथ्यको नवीनता लिएको छ, जसलाई हामी उत्तरआधुनिक संरचना भन्न सक्छौं । वाचन गर्ने क्रमका दोस्रो कथाकार हुन् डा. ध्रुवचन्द्र गौतम । उनको कथाको शीर्षक हो 'बीचबजारमा मुद्रा' । डा. गौतमको कथाले उनको शिल्पगत विशेषताअनुसार केही स्वैरवादको आड लिएको छ । कथा आजको बजारव्यवस्थामा फसेको मानिसको अस्तित्व यन्त्रमानव (रोबोट) सरह हुन पुगेको विषयलाई भिन्नतापूर्ण कथा संरचनाबाट प्रस्तुत गरेको छ ।

> कथावाचन क्रममा यिनले गरेको वाचनको भङ्गिमा र मुद्रा स्वाभाविक छ, आआफ्नै प्रकारका ।

तेस्रोमा भुवन ढुङ्गानाको कथा हो–'प्रत्याशी' । यो कथाले हालै सम्पन्न नेपाली कांग्रेसको १२ औं महाधिवेशनका तेस्रो धार भनिने पक्षको सभापति पदका जनजातीय उम्मेदवारको असफलताको चित्रण गरेको छ । पार्टीभित्र सिद्धान्त र विचारनिष्ठताका लागि कुनै जीवित सम्भावना नरहेको कथाको सार छ । पार्टीप्रति आफ्नो लगाव र निष्ठा कायम राख्दाराख्दै पनि नराम्रो र खल्लो पराजयको भोग्नुपरेकोमा भित्रैबाट अत्यन्त एक्लोपन महसुस गर्ने सभापतिका प्रत्याशीको यो कथा हो ।

यसपछि भागीरथी श्रेष्ठको कथा थियो । भागीरथीका कथाहरूको प्याटर्नअनुसार उनले कोमल विषय चयन गरेकी थिइन् र उनको कथाको शीर्षक पनि त्यहीअनुसार थियो– 'हृदयको सोन्दर्य' । कथामा मानिसको बाहिरी आकार चाहे त्यो अपाङ्गता नै किन नहोस्, योभन्दा उसको कलाकारिता नै बढी सौन्दर्यकारी हुन्छ र त्यो बढी कदरयोग्य छ भन्नेमा टुङ्गिएको छ । वास्तवमा कथाको भित्री संरचनागत तीव्रताभन्दा आदर्शगत शुद्धताको आग्रह भागीरथीमा प्रबल छ र यो नै यिनका कथाको विशेषता बन्ने गरेको छ ।

अर्का वाचनकर्ता थिए– कथाकार सनत रेग्मी । उनको कथाले उनको कथाकारिताको क्रमभन्दा अलि फरकमा अर्कै खालको प्रस्तुति दिएको छ । उनले आफ्नो पुरानो कथा 'छिनार' को एक पात्र सवित्रीकी छोरीलाई यस कथामा अवतरित गराएर ऊसाग संवादात्मक घात-आघात चित्रण गरेका छन् । कथाकारको मनमा दबेर रहेको छिनारको पात्र सवित्रीप्रति अन्याय गरेा कि भन्ने अपराधबोधको अनुभूतिजस्तो छ उनको वाचित कथा 'सवित्री र सपना' । वास्तवमा पात्रहरू निर्मित चरित्रभन्दा अलग र स्वच्छन्द भइसकेका छन् ।

ध्रुव सापकोटाले वाचन गरेको कथा 'सङ्कटकाल' आजको राजनीतिक परिप्रेक्ष्यमा निकै भयप्रद अर्थ राख्ने शीर्षक भए पनि कथाको विषय परिवारभित्रको मुख्य पात्र जँड्याहा लोग्नेको वरिपरि घुमेको छ र, असहमतिमा बसेकी स्वास्नी र बीचमा फाल्तुजस्तै बूढीआमाको अस्तित्वको निरर्थकताको अनुभूति पनि कथाले मनग्गे गराउँछ । सङ्कटकालको अर्थ पारिवारिक स्तरमा सीमित रहे पनि कथाको संरचनागत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसिलो र छरितोपनले कथालाई व्यक्ति-व्यक्तिबीचका सम्बन्ध, पारिवारिक आत्मीयहीनता र पुस्तान्तरका कारणले परिचयहीन हुँदे गइरहेका बूढाबूढीको अस्तित्वगत बाध्यतालाई कथाले भनेको छ ।

अन्तिम वाचकका रूपमा देखा परेका अमेरिकानिवासी राजवले 'लन्ड्री प्रेम' कथाबाट वाचन कार्यक्रमलाई बिट मारेका हुन् । उनी डायस्पोरिक रचनाकारका रूपमा अग्रस्थानमा पर्दछन् । नेपालको नेपाली पाठकले उनका कथामा विषयको नवीनता प्राप्त गर्दछ । अमेरिकामा बसोबास गर्न गएका नेपाली जीवनका कठिनाइ र तिनका भोगाइहरू, नेपाली मानसले अमेरिकी नागरिक हुने क्रममा त्यहाँको सिस्टममा नभिज्दासम्म र भिजेपछि पनि महसुस गर्ने संस्कार रूपान्तरणका असहजताहरूको चित्रण गर्छन् । वाचित सबै कथाहरूमा भागीरथी र राजवको कथालाई एकछिन अलग राखेर हेर्दा एउटा अन्तर्सम्बद्धता देखिन्थ्यो भने बाँकी सबैले समकालीन नेपाली जीवनका बहुविध कठोर पक्षलाई यथार्थवादी भएर चित्रण गरेका छन् । मोहनराज शर्मा, डा. ध्रुवचन्द्र गौमत, भुवन ढुङ्गाना, सनत रेग्मी, ध्रुव सापकोटा, भागीरथी श्रेष्ठ र राजवका कथाहरू आज लेखिँदै गरेका नेपाली कथाहरूका उच्च उदाहरण बनेका छन् । यिनका कथाले नेपाली कथा लेखनमा नयाँ ताजगी दिँदै रहेका छन् । कथावाचन क्रममा यिनले गरेको वाचनको भङ्गिमा र मुद्रा स्वाभाविक छ, आआफ्नै प्रकारका । उच्चारणगत विशेषता र कथाको वाचनगत प्रस्तुति अवश्य पनि कविता वाचनभन्दा फरक हुने भयो, तर कविताको र कथाको वाचिक सम्प्रेषणमा पनि कविता र कथाको संरचनागत अन्तर अनुभव गर्न सकिन्थ्यो ।

कथावाचनलाई निरन्तता दिँदै जाने हो र कथाकारहरूबाट यसरी नै नयाँनयाँ कथाहरू प्राप्त भइरहने हो भने नेपाली कथाको परिदृश्य निकै विशाल रूपमा फिँजिने विश्वास गर्न सकिन्छ ।

(भाउपन्थी प्रज्ञा प्रतिष्ठानमा प्राज्ञ तथा गद्य/आख्यान विभागका प्रमुख छन् ।)

समवेदना



कृष्णचन्द्रसिंह प्रधान

उपेन्द्र श्रेष्ठ

भुवनलाल प्रधान

नेपाली साहित्यका अग्रज स्रष्टा, निबन्धशिल्पी, मदन तथा साझा पुरस्कारबाट सम्मानित आदरणीय कृष्णचन्द्रसिंह प्रधानको २०६७ असार १७ मा ८५ वर्षको उमेरमा निधन भएकोमा सिंगो भाषा-साहित्य जगत् मर्माहत भएको छ । साहित्यकार स्वर्गीय प्रधानको आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्न चाहन्छौं ।

साथै कवि उपेन्द्र श्रेष्ठको २०६७ जेठ २४ मा र इतिहासकार भुवनलाल प्रधानको २०६७ भदौ ११ मा भएको असमायिक निधनप्रति पनि आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्न चाहन्छौं साथै कवि हिरा आकाशको २०६७ साउन ७ एवं अंग्रेजी भाषाका विद्वान हरिहरराज जोशीको हालै भएको २०६७ भदौ १९ गते भएको निधनप्रति पनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

रत्न पुस्तक भण्डार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतकार हरिभक्तसँग कवि ईश्वरवल्लभ



वल्लभ- हरि, तिमीलाई मैले चिनेको अहिले होइन, दुई-तीन दशक बितिसकेका छन् । पहिलो चिनारी व्यक्तिगत नभए तापनि आसामबाट उडेर आएर दार्जिलिङमा पुगेको थियो र, त्यो चिनारी काव्यात्मक थियो । तिमीलाई याद छ भने यस बेलासम्म हिँडिसकेका दशकहरूबारे आफ्नो मन्तव्य भनिदेउ न ।

कटुवाल- साँचो अर्थमा मैले मेरो जिन्दगी यही काव्यताप्रति नै समर्पित गरेँ । तिमीलाई थाहा छ वल्लभ, साहित्य क्षेत्रमा आसाम धेरै पछि परेको छ यद्यपि आसाममा हाम्रा मानिसहरूको संख्या ठूलो छ । मलाई एक प्रकारको छटपटी हुन्थ्यो, कसरी आसाममा नेपाली भाषा साहित्यको राम्रो जग बसाउँ भनेर । त्यसैले सायद केही सिक्ने, केही बुझ्ने आग्रहले बेलाबेलामा म दार्जिलिङ पुग्थेँ, काठमाडौं आउँथेँ र फर्केर आसाममा गई केही गर्ने जमर्को गर्थेँ । हो, हाम्रो पहिलो भेट दार्जिलिङमा नै भएको हो । हामीले आफ्ना विचारहरू साटासाट गर्‍यौं । हामीभित्रको त्यो काव्यतालाई हामीले मर्न दिएका छैनौं । यो दुई तीन दशकभित्रमा नेपाली साहित्य जगत्मा निकै आन्दोलनहरू भए । जस्तो भन, तिमीहरूकै आयामेली आन्दोलन, मञ्जुलहरूको राल्फाली आन्दोलन, कवितारामहरूको अस्वीकृत जमात, सुरू भएर नफस्टाई त्यत्तिकै हराएको अमलेख जमात आदिआदि । कसैले भन्ला- यो आन्दोलनहरूको उपलब्धि के त ? म भन्छु, उपलब्धि धेरै छ । यसले हाम्रा जिजीविषाहरू बढ्दै गए । लेखनशैलीमा विषयवस्तुमा नवीनता आयो ।

वल्लभ- म एकजना साह्रै सशक्त कविलाई अझै सम्झन्छु उनी थिए, दार्जिलिङका र सम्पूर्ण प्रवासका कवि अगमसिंह गिरी । अगमसिंह गिरी आफ्नो काव्य चैतन्यमा नेपाली सोच्थे । नेपाली जाति सोच्थे । तर हरि, तिमी पनि त्यत्तिकै सशक्तताको कवि हौ । तर, तिमीले लाक्षणिक स्वमा जहिले पनि जाति सोच्यौ । अगमले प्रस्टतया भाषाको अभिव्यक्तिमा जाति सोचे । तर मलाई कस्तो लाग्दछ भने त्यो प्रस्टताभन्दा तिम्रो कलात्मक लाक्षणिकता ठूलो लाग्छ । तिमीलाई भन्नु केही छ ?

कटुवाल- वल्लभ, मैले सधैं अगमलाई आफूभन्दा माथि राखेर आएको छु । जो लेख्छ, तिनीहरू मलाई मन पर्छन् । म श्रद्धा गर्दछु । आमालाई सधैं मैले श्रद्धा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेँ । नढाँटी भन्ने हो भने वल्लभ- 'भारती', गोर्खा आदि पत्रपत्रिकामा छापिने गरेका गिरीका कविताले मलाई काव्यक्षेत्रमा ठूलो प्रेरणा दिएको छ । नेपाली साहित्यमा मेरो प्रवेश ढिलो भयो । सुरूसुरूमा मैले असमिया भाषामा कथा, कविता, निबन्ध आदि लेख्ने गरेँ । पछि अघिल्लो प्रश्नको उत्तरमा भनेझैँ आसामका नेपाली साहित्यिक दुर्दशा हेरेर बस्न सकिनँ । म ओर्लेँ । म जब कतै ओर्लन्छु, आफूलाई सम्पूर्ण समर्पित गरेर ओर्लन्छु । अगमले नेपाललाई, नेपालीलाई जति माया गरे, त्यति माया अझै मैले गर्न सकेको छैन । उनका पंक्तिपंक्तिमा नेपाली प्रेमको प्रतिच्छवि हुन्थ्यो । उनी मोहब्बत गर्लीको तामाङ कुल्लीलाई देखेर द्रवित हुन्थे । भन्थे- पहाडी फूल सधैं काँडामै हाँसेको हुन्छ । म मेरो कलात्मक लाक्षणिकतालाई कसरी ठूलो भनूँ वल्लभ, मलाई त तिमी मन पर्छौ । तिम्रो कलात्मक लाक्षणिकता मन पर्छ । त्यस्तै अरू धेरै धेरैको । हामी कसले के लेख्छौँ, हाम्रो सिद्धान्त के हो, त्यो व्यक्ति-व्यक्तिमा भर पर्छ । तर, हामी लेख्छौँ- हाम्रो लेखिरहनु हामीलाई सधैं सजग राख्ने हाम्रो बानी हो ।

वल्लभ, मानिसको जिन्दगीमा हाँसो पनि छ र आँसु पनि छ । जिन्दगी जिउने क्रममा जब म निराश भएँ, निराशाकै कविता लेखेँ ।

वल्लभ- यार, मलाई अब एउटा कुरा, एउटा कुरा के धेरै कुरा हरिलाई सोध्न मन लाग्छ । यी पन्नाहरूमा अट्दैनन् । तर एउटा अझै सोध्छु- तिमी आसामको गल्लीगल्लीमा, गाउँगाउँमा जतासुकै जति परिचित छौ त्यसको उपलब्धि अगमले पाएको थिएन । तिमी अगमलाई त्यसरी सम्झन्छौ । मैले कविताको कुरा गरेको- मैले भावुकताको कुरा गरेको होइन । तिमीलाई केही भन्नु छ ?

कटुवाल- वल्लभ, तिमी आसाम गएका छौ । तिमीले त्यहाँ देख्यौ होला, त्यहाँ म एकैचोटि कवि थिएँ, नाटककार थिएँ, राजनीतिक नेता थिएँ, सामाजिक कार्यकर्ता थिएँ र एउटा किसान पनि । मैले त्यहाँ प्रतिष्ठा खोजिनँ, जे गरेँ, जति गरेँ, त्यसमा मेरो कुनै घमण्ड थिएन । बनिरहेको बाटोमा हिँड्नु एउटा कुरा र बाटो बनाउँदै हिँड्नु अर्को कुरा । सायद त्यसैले अगमसिंह गिरीले दार्जिलिङमा त्यो स्नेह पाएनन् जुन स्नेह मैले आसाममा गल्लीगल्लीमा पाएँ । म अगमलाई मात्र त्यसरी श्रद्धा गर्दिनँ, भर्खरै नेपाली साहित्यमा देखापरेका किशोर, कणाद, विमल, अशेषहरूलाई पनि उस्तै श्रद्धा गर्दछु । किनभने उनीहरू लेख्छन् ।

वल्लभ- एउटा कुरा म भनुँ, तिमीलाई मैले एक दिन मञ्चमा कविता पढिरहेको सुनेको थिएँ, तिमीले त्यो कविता पढेको अलिअलि सम्झना छ । सायद तिम्रै किताबको शीर्षक पन्यो होला 'यो जिन्दगी खै के जिन्दगी'- त्यस कवितामा तिमी अलिकति निराश थियौ । तर अहिले नेपालमा तिमी छौ । यो निराशा अझै पनि तिमीसँग किन छ ?

कटुवाल- सायद यस प्रश्नमा मैले भद्रपुरको मञ्चमा कविता पढेको कुरा भन्न खोज्यौ होला, होइन ? वल्लभ, मानिसको जिन्दगीमा हाँसो पनि छ र आँसु पनि छ । जिन्दगी जिउने क्रममा जब म निराश भएँ, निराशाकै कविता लेखेँ । जब आनन्दले उद्वेलित भएँ, हर्षका गीत गाएँ । म आँसु लुकाएर हाँसोको कथा कसरी लेखूँ ? टन्न गरम कपडा लगाएर, ठूलाठूला होटेलमा कफी र ड्रिंक्स खाएर 'जाडो लाग्यो पाँच पैसा' भन्ने बालकको कविता मलाई लेख्न मन लाग्दैन । काठमाडौंका पेटीमा देखिने ती बालकहरूको भोगाइ, जाडो र भोकलाई उसबारे कविता लेख्नु छ भने मेले आत्मसात गर्नुपर्छ तिनीहरूसँग । निराश को छैन वल्लभ, यो नेपालमा, देखावटी उल्लासले के गर्छ ? हाम्रो देशको स्थिति तिमीलाई थाहा नै छ । छिमेकी राष्ट्रबाट दुई दिन मट्टीतेल आइदिएन भने यहाँ लाखौँ अनुहार निराश हुन्छन् । आशावादी म पनि छु वल्लभ । यी असंख्य निराश व्यक्तिहरूको पंक्तिबाट आफूलाई अलग राख्न नसकेरै सायद म निराश छु ।

वल्लभ- तिम्रो कविता मैले पढेको छु । कुनै कवितामा तिमीले भनेका छौ सायद बिर्सिएहुँला अहिले तैपनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई सम्झना छ मट्टीतेलको टिनभित्र मट्टीतेल भएर नेपालीको लागि तिमीले पस्न कोसिस गरेका छौ । नेपाली दुःखलाई यसरी आत्मसात गर्ने कोसिस किन गऱ्यौ ?

कटुवाल- म आसाममा जन्मैं, आसाममै पढैं, बढैं तर कताकता त्यहाँका नेपालीको जनजीवन देख्दा मन पिरोलिन्थ्यो । अगमजस्तै मैले पनि नेपाल र नेपालीलाई धेरै माया गरेको छु । उनीहरूका प्रत्येक समस्याले मलाई नराम्रोसँग घच्घच्याएका छन् ! सत्ताईस सालको कुरा हो– काठमाडौंमा मट्टीतेलको हाहाकार थियो । म के देख्छु भने मध्यदिनमै हातमा मट्टीतेलको टिन झुन्ड्याएर निस्केको मेरो घरबेटी साहु बेलुका रित्तो टिन हल्लाउँदै घर फर्किरहेथ्यो । त्यस रात उसको घरमा भात पाकेन । त्यसैले मलाई लाग्यो, मेरो कविताले मट्टीतेलका समस्यासम्म समाधान गर्न सकेन । त्यसैले मलाई लाग्यो- म कवि नभएर मट्टीतेल भइदिएको भए त्यस रात त्यो भोकै बस्न पर्ने परिवारको निकै काम लाग्थ्यो । त्यसैले मलाई हरेक नेपालीको पीडालाई आत्मसात गर्न मन लाग्छ ।

वल्लभ- मैले कताकता पढेको छु, मैले कता सुनेको छु- मेरो नेपालीहरूले भिक्टोरिया क्रस पाए रे, कसको लागि ? मेरो नेपालको लागि ? मैले सुनेको छु, मेरा नेपालीहरूले कहाँकहाँ बहादुरी गरे रे ? यो कसको लागि ? नेपालको लागि ? आसामको लागि ? दार्जिलिङको लागि ? तिमीलाई कस्तो लाग्छ, हामी सबै यस्तैको लागि ?

कटुवाल- नेपालीहरूले भिक्टोरिया क्रस पाए, अझ भनौं अशोध चक्र, परमवीर चक्र पाए । न ती नेपालका लागि थिए, न दार्जिलिङ र आसामका लागि थिए । थिए भने नेपालीको गरिबी र बाध्यताका लागि । नेपालीहरु गरिब छन्, त्यसैले उनीहरु विदेशी फौजमा भर्ती भई विदेशीकै लागि लडे, तक्मा पाए, बहादुरी देखाए । नभए के गरून् त ? घरमा स्वास्नीलाई आङ ढाक्ने एकजोर लुगा हालिदिने हुती थिएन । त्यसैले उनीहरु मर्न डराएनन्, विदेशी फौजमा गएर केही कमाएर ल्याउँ र आफ्नो गरिबीबाट मुक्ति पाउँ भनेर त्यता गए । स्वभावले नै नेपाली जाति आत्माभिमानी हो । तर बाध्यताहरूको अधिल्तिर आत्माभिमान कत्तिञ्जेल टिक्छ र ?

मेरो देशको सन्धिहरु भित्र हामी सबै कमजोर छौं रे, किन हामी अपमानित भएर पनि यो कुरा मान्छौं । हरि, त्यस सन्धिमा न ईश्वरवल्लभ सामेल छ न कवि हरिभक्त कटुवाल सामेल छ । यसलाई परिवर्तित गर्न हामी सक्छौं कि सक्दैनौं ?

वल्लभ- मेरो देशका कसैसित सन्धिहरु पनि छन् रे । मेरो देशको सन्धिहरूभित्र हामी सबै कमजोर छौं रे, किन हामी अपमानित भएर पनि यो कुरा मान्छौं । हरि, त्यस सन्धिमा न ईश्वरवल्लभ सामेल छ न कवि हरिभक्त कटुवाल सामेल छ । यसलाई परिवर्तित गर्न हामी सक्छौं कि सक्दैनौं ? हाम्रो गरिबी छ, हाम्रोजस्तो गरिब देश अरु पनि छन्, यहाँ नाम लिँदा लामो सूची बन्छ । सबैलाई थाहा छ, के तिनीहरु पनि हामीजस्तै बाध्य छन् ?

कटुवाल- हेर वल्लभ, हाम्रो देशले जोसँग सीमा सन्धि गऱ्यो, तिनीहरु त्यहाँ अहिले छैनन् । अहिले त्यहाँ जुन व्यवस्था छ- त्यससँग हामीले त्यस्तो कुनै सन्धि गरेको कुरा हामीलाई थाहा छैन । मैले माथि नै भनैं, गरिबी नेपालीको बाध्यता हो । हो, गरिब राष्ट्र धेरै छन् तर ती राष्ट्रहरूको विकासका लागि मरिमेट्ने सरकार छ, नेता छन् । ती राष्ट्रका जनता आफैंलाई उत्सर्ग गर्न तयार छन् । तर हाम्रो राष्ट्रमा त्यस्ता के-कति छन् वल्लभ ? मलाई यहाँनिर कवि शिरोमणिको दुई पंक्ति कविता सम्झना हुन्छ :

'मै खाउँ, मै लाउँ, सुख सयल वा मोज म गरूँ

म हाँसु, मै बाँचु अरु सबै मरून् दुर्बलहरू ।'

वल्लभ, के यी दुई पंक्तिमा हाम्रो राष्ट्रको चरित्र झल्किँदैन र ?

वल्लभ- मलाई कहिले लाग्छ, तिमीले भनेका कुरा सबै सत्य मानूँ तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकछिन । मेरो सोध्नुको तात्पर्य थियो मेरो देश पनि छ । म कुनै देशमा छु । के म भएको देश त्यति कमजोर छ ? हेर हरि, म बुझ्छु तिम्रो भाषा । हामी नेपालीहरू कताकता बाँडिएका छौं तैपनि जतासुकै हामी भए तापनि हामीले नेपाल बँचाएका छौं । आज मलाई एउटा देशको याद आउँछ त्यो अफगानिस्तान, त्यहाँ रूसले हमला गऱ्यो भनेर भन्छन्, हरि, यसरी नेपाललाई कसैले हमला गरेको मन पर्छ ?

हेर हरि, म बुझ्छु तिम्रो भाषा । हामी नेपालीहरू कताकता बाँडिएका छौं तैपनि जतासुकै हामी भए तापनि हामीले नेपाल बँचाएका छौं । आज मलाई एउटा देशको याद आउँछ त्यो अफगानिस्तान, त्यहाँ रूसले हमला गऱ्यो भनेर भन्छन्, हरि, यसरी नेपाललाई कसैले हमला गरेको मन पर्छ ?

कटुवाल- निश्चय नै मन पर्दैन वल्लभ । तर कसैले गरिहालेछ भने हामी जोगिन पनि कसरी सक्छौं ? हाम्रो कमजोर मुलुकमा भनेजस्तो एउटै एन्डी यरक्र्याफ्ट गन छैन, राडर छैन । आक्रमणकारीका चारवटा विमानले हामीलाई तहसनहस गरेर जान सक्छन्, हामी सबै आपसमा बाझ्न व्यस्त छौं । हामी कसैको नेतृत्व स्वीकार गर्न पनि सक्दैनौं । हामीमा नेतृत्व दिने हुत्ती पनि छैन । अफगानिस्तानको कुरा भन्यौ, त्यहाँका वर्तमान सरकारका राष्ट्रपति बार्बाक कर्मालको एउटा वक्तव्यमा आजै मैले अखबारमा पढेको थिएँ । उनी भन्छन्–'सोभियत सैन्यलाई हामी अफगानीले नै निम्त्याएका हौं, त्यो हाम्रो त्यस बेलाको आवश्यकता थियो । उनीहरूको यहाँ काम सकिनासाथ उनीहरूलाई फिर्ता पठाइनेछ । वल्लभ, दक्षिणपूर्व एसियाको यो तनाव चर्काउनुमा जति अमेरिकीहरूको हात छ, त्यति रूसीहरूको छ जस्तो मलाई लाग्दैन ।

वल्लभ- छोड्देउ हरि, राजनीतिका कुरा । मलाई कहिले सम्झना आउँछ- त्यो रूसमा पनि साहित्यिकहरू थिए । एउटा ठूलो नाम म लिन्छु, दोस्तोएस्की, त्यसलाई जारशाहीले दुःख दियो । र पछिका क्रान्तिका नेताहरूले पनि उसलाई स्वीकार गरेनन् । त्यसै प्रकार अहिले वर्तमानमा एब्जुसेफो सोल्झेनित्सोन, बोरिस पास्तरनाक र अहिले हालमा सखारोवलाई रूसले दुःख दिँदैछ । ती चेतनाहरूप्रति तिम्रो कुनै सहानुभूति छैन ?

कटुवाल- एब्जुसेफो र सखारोवलाई मैले अझै पढ्ने मौका पाएको छैन । बाँकी तीनै जनाका कृतिहरू थोरबहुत पढेको छु । वल्लभ, के.टी.एस. इलियटले, एज्रा पाउन्डले अथवा भर्नौं छिमेकी राष्ट्र भारतका निरालाले र हाम्रा महाकवि देवकोटाले आ-आफ्नो राष्ट्रबाट स्वीकृति प्राप्त गर्न सके र ? रूसको मात्रै यहाँ किन कुरा गर्ने ? उसको आफ्नो राजनीतिक सिद्धान्त छ । त्यसबाट बिचलित भएर लेख्नेहरूलाई निश्चय नै उसले स्वीकार गरेको छैन । तर जहाँसम्म मलाई लाग्छ दोस्तोएस्कीलाई अब उनीहरूले फेरि खोज्न लागेका छन् । हालै मैले उनको 'इडिअट' भन्ने उपन्यासका दुई भोलम मस्को सरकारले नै छापेको देखें । अब यी कुरा छाडौं वल्लभ । जतिजति हामी कुरा कोट्याउँदै जान्छौं, हाम्रा कुराको अत्त्य हुँदैन । तिमीले आज मेरो जुन अन्तर्वार्ता लियौ- त्यसका लागि तिमीलाई म धन्यवाद दिन्नँ, मात्र यति भन्छु, हामीले आज फेरि एकचोटि धेरै राम्रा कुरा गऱ्यौं ।

वल्लभ- धन्यवाद हरि । मलाई धेरै सोच्न बाँकी थियो किनभने तिमी प्रबुद्ध लेखक हौ ! तैपनि अब म तिमीबाट बिदा लिन्छु, तिम्रो इच्छाअनुसार । कुनै बेला पाए फेरि सोधौंला भन्ने पनि मेरो आकांक्षा छ, तिमीलाई अवगत गराउँदछु, धन्यवाद ।

('आकुञ्चन' पत्रिकाका लागि लिइएको यो अन्तर्वार्ता कवि हरिभक्त कटुवालको निधनपछि १९८१ को जुलाईमा 'कटुवाल स्मृति-ग्रन्थ'मा छापिएको थियो । आज अन्तर्वार्ताकार कवि ईश्वरवल्लभ पनि हामीमाझ नरहनुभएको अवस्थामा ऐतिहासिक दस्तावेजका रूपमा यो कुराकानी यहाँ साभार गरिएको हो –सम्पादक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेगिस्तान, उपहार र अनुभव

—एस.पी. लुइटेल

"पत्रकार भट्टराईको रेगिस्तानी अनुभव र अहिले तपाईले भोगिरहनुभएको जीवनमा केही तादात्म्यता छ कि ? यो पढिसकेपछि आफ्ना अनुभवहरूलाई लिपिबद्ध गर्ने जाँगर चलोस् भन्दै आदरणीय गुरूलाई सादर ..."

पत्रकार देवेन्द्र भट्टराईद्वारा लेखिएको पुस्तक 'रेगिस्तान डायरी' उपहारस्वरूप मेरा हातमा राखिदिएर म र मैजस्ताको जीवनमा यो पुस्तकले के-कति आत्मीयता राखेको छ भनेर बुझ्न खोज्ने जिज्ञासु, कुनै बेलाका प्रिय शिष्य उज्ज्वल प्रसाईंलाई धन्यवाद छ ।

'खाडीमा श्रम, पसिना पोखिरहेका समस्त दुखियाजनमा समर्पण' गरिएको देवेन्द्र भट्टराईको रेगिस्तान डायरी पढें । त्यो पनि साउदी अरेबियाको तेस्रो कर्मयात्राको ठीक पाँचै दिनअघि (सेप्टेम्बर २५, २०१० मा) मात्रै । अनि अनुभव गरें- यो डायरी ममा पनि समर्पित हो र, यो मजस्ता लाखौं दुखियाको खाडी जीवनको एक आत्मीय इतिहास हो । यो ज्वलन्त, जीवन्त र मार्मिक छ ।

नेपाली कर्मथलोमा आफ्नै दस नङग्रा खियाउँदा पनि तीनचित खानुपर्ने परिस्थिति आएपछि नै, दसनङग्रा खियाउँदाका मूल्य-मान्यतामाथि सरकारी बेमतलब र गैरसरकारी कुदृष्टिका छाया लाग्न थालेपछि र साँझ-बिहान ज्यानकै सबाल आउन थालेपछि थुप्रै नेपाली कर्मठ हातपाउ खाडीको बालुवा खोस्रिन पुगेका हुन् । कहिल्यै जिम्मेवारीबोध गर्न नसकेका, बोध भएर पनि बुझ पचाएका नेताहरूको राजनीतिले खाडीमा आँसु र रगत बगाइरहेको अवस्थामा पनि तिनका लागि कुनै विशेष नीति आउन सकिरहेको छैन । दलालहरूको दररेटमा साँठगाँठ भएको सरकार भनाउँदोसमेत बेचिएका नेपालीको रेमिट्यान्स-सहभोजले आनन्दित बनिरहेको छ । यता असंख्य रित्ता भुँडीहरु छाडेर उता लागेका रेगिस्तान डायरीका पात्रहरूको कर्तव्य कस्तो होला ? आफ्ना बाबुआमाका, छोराछोरीका, श्रीमतीका अर्थात् आ-आफ्नो परिवारको आर्थिक भर थाम्ने सानो टेकुवा भएका यी जनहरु सरकारकै बोझ थामिदिनुपर्ने झन् ठूला टेकन

हुनुपर्ने बाध्यतामा परेका छन् । यो नियतवशको बाध्यताले त्यो रेगिस्तानमा हुत्तिएका श्रमका अभियन्ताहरु कति अलपत्र छन्, कति उराठलाग्दो वातावरणमा रूँदै छन् । कतिले सेकेन्ड, मिनेट अथवा घन्टाको ओभरटाइम गनीगनी मरिहत्ते गरिरहेका छन्, कति नरपिशाचका अत्याचारमा पीडित छन्, कति तातो बालुवामा घर फिर्ने रेखाचित्र कोरेर बसेका छन्, कति मरे, कति जेलमा छन्- तैपनि जाँदै छन् । किन ?

यस्ता किनको अर्थ 'पर्ल कतार'मा छैन, न त विश्वभरका ठूलाठूला 'मल'मा भेटिन्छ । यसको सटीक अर्थ छ र देखिन्छ भने मेचीदेखि महाकाली अनि मधेसदेखि हिमालसम्मका कुनाकन्दरामा बग्रेल्ती भएर बसेका छन् । त्यो देखेर देखाइदिने कोही छ र ? लेखक खगेन्द्र संग्रौलाले लुमा खाएको झोंकमा कतारी मजरातिर डुल्दै सोधेछन्, 'मानौं, प्रधानमन्त्री प्रचण्ड तपाईंसामु आए भने के माग्नुहुन्छ ?'

रेमिट्यान्सको स्वादिलो मोज मात्र ताकेर बस्ने भिखारीहरूका जमातमा छिरेर अलमलिएका नयाँ भिखारीसँग के नै पो माग्नु छ र ? दैनिक १५ लिटर दूध दुहेर आफूले सुँघ्नसमेत नपाउने अथवा महिनामारी रोकिनासाथ अरबी पेट आफ्नै पेटमा पो सऱ्यो कि भन्ने, मजरामा सुकेका खबुज र पानी पिएर दिन काट्ने, अरबी बच्चाको आची-सिँगान पुछिदिन खद्दामा भएर जाने- रेगिस्तान डायरीका बिचरा पात्रहरूले उल्टै प्रचण्ड र यीजस्ता, माधव नेपाल र यीजस्ता, रामचन्द्र र यीजस्ताको जमातलाई पोसिरहेका छन् । यी दीनदुःखी पात्रहरूले आफ्ना जहान केटाकेटी मात्र होइन- हिमाल, पहाड, तराई जम्मै पालिरहेका छन् । तसर्थ संग्रौलाको समवेदनायुक्त प्रश्नको उत्तर कस्तो आउँछ, सोच्दा टाउको दुख्छ ।

यो 'रेगिस्तान डायरी' पढेपछि मुलुकबाट बिदेसिएर खाडी पुगेका नेपालीजनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहालीलाग्दो अवस्थाको चित्र आँखाअगाडि नाच्छ नै, त्यहाँको जनजीवन, हावापानी आदिको पनि राम्रै भेउ पाइन्छ । यो यथार्थपरक र भोगिरहेकै आधारमा लेखिएको सत्यकथा हो, सधैं पढ्नयोग्य छ र मननयोग्य पनि छ । साउदी अरबमा म स्वयंले भोग्नुपर्ने, भोगिआएका र देखेसुनेका कुरा जस्तैः काम गर्न जाँगर नचल्दा र घर जान मन लाग्दासमेत समय नपुगी जान नपाइने, आफन्तजन मर्दा खबर पाएर पनि घर जान नपाइने, अज्ञानवश भएको गल्ती पनि क्षम्य नहुने, काम गर्नैपर्ने, ऐइयाआत्थुमा समेत धर नपाइने, एक दिन काम हल्ट हुँदा दुई/चार दिनको पारिश्रमिक चट पारिदिने आदि प्रशस्त दर्दहरु छन् । यसका अतिरिक्त चरेस, गाँजा, हेरोइन, हत्या, बलात्कारजस्ता धन्दा गर्ने अपराधीहरुलाई सार्वजनिक मैदानमा ल्याएर सरकारले खसी काटेझैं काटेका दृश्यहरु मैले आफ्नै आँखाले हेरेको हुँदा (जल्लादको सरकारी जागिर भनेर) लेखिसकेको छु ।

आफूले सुनिजानेका, देखिजानेका र भोगिजानेका साउदी अरेबियाका अनेकौं छायाचित्रहरुको ताजा स्मृति छ । स्मृतिका यी चित्र र रेगिस्तान डायरीमा देवेन्द्र भट्टराईका अनुभवको आत्मीयता गहिरो छ । खाडीभित्र कतारमा भएका नेपालीजनको दुःखपीडा दुरूस्त उतारेर नेपालमा चाहने जति सबैलाई ज्ञात गराउन सफल लेखक भट्टराईलाई साधुवाद । यो पुस्तक उपहारस्वरूप प्रदान गरेर आफ्ना अरबी अनुभवलाई अरूसमक्ष ल्याइदिन आग्रह गर्ने प्रिय शिष्य उज्ज्वल प्रसाईलाई फेरि पनि धन्यवाद ।

(टिप्पणीकार लुइटेल हाल साउदी अरेबियाको दमाममा बलदिया अफिसमा काम गर्छन् ।)

सुन्ने कथाहरु

कथाकार अनमोलमणिको कथासंग्रह नीलिमा र गाढा अँध्यारो अब सुन्ने पुस्तकको रूपमा आएको छ । एक दर्जन कथा समेटिएको पुस्तकका ५ वटा कथा यसमा समावेश छन् । पुस्तकमा समेटिएका कथा सुन्न १ घन्टा १४ मिनेट लाग्नेछ । साहित्य मन पराउनेका लागि परिवार साथीभाइसित बस्दा, बिदा मनाउँदा, भान्साको काम गर्दा, कतै एकान्त बस्दा वा एक्लो हुँदा वा यात्रामा कथा सुन्न सकिन्छ ।

'कथा सुनेर आनन्द लिन चाहनेका लागि यसको परिकल्पना गरिएको हो,' कथाकार अनमोलमणिले भने, 'पुस्तक पढ्न नसक्ने गरी दृष्टि गुमाएका लागि यो सुन्ने किताब निःशुल्क वितरण गरिएको छ । उपत्यका र देशका अन्य जिल्लाका प्रमुख पुस्तक पसलमा सुन्ने किताब पाइन्छ ।' यसको मूल्य १ सय २५ रुपैयाँ राखिएको छ । यसलाई पुस्तक प्रकाशक ओरियन्टल पब्लिकेसन्स र अर्को प्रकाशन गृह सांग्रिलाले वितरण गरेका छन् ।

नेपालमा सुन्ने किताबको परिकल्पना विकास भएको धेरै भएको छैन । तर सुन्ने पुस्तक पर्याप्त छैनन् । कविता र बालकथाका केही सुन्ने स्वरूप छन् । अहिलेसम्म आख्यानका तीनवटा पुस्तक सुन्ने किताबका रूपमा आएका छन् । बीपीको 'जेल जर्नल', डायमनशमशेर राणाको उपन्यास 'सेतो बाघ' र कर्ण शाक्यको विचार पुस्तक 'सोच' अहिलेसम्म आएका सुन्ने पुस्तक हुन् । पुस्तकको परिकल्पना तथा कथावाचन अच्युत घिमिरेले गरेका हुन् । पुस्तकमा पार्श्व संगीतसमेत राखिएको छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमलमणि दीक्षित आफैंमा एक विशिष्ट साहित्यिक अन्वेषक र लेखक हुनुहुन्छ । मदन पुरस्कार गुठी तथा पुस्तकालयजस्ता जनहितका अभियानलाई आधा शताब्दीदेखि हाँकेर हिँडिरहेका ८१ वर्षीय दीक्षितमाथि एक जना पत्रकार दीपक सापकोटाले कटु र कठोर शैलीका प्रश्नहरू लिखित जवाफको आग्रहमा पठाएका रहेछन् । दीक्षितले एक वर्षअघि नै जवाफ फर्काए पनि यो प्रश्नोत्तर कहीँ कतै नछापिएको अवस्थामा प्रश्नकर्ता सापकोटा र लेखक दीक्षितको अनुमतिमा 'पुस्तक संसार'मा छापिएको छ :

तपाईं मदनशमशेर र जगदम्बाको सम्पत्तिमाथि चलखेल गरेर आफ्नो नाम चम्काउँदै हुनुहुन्छ । तिनका दरबारदेखि तबेलासम्म तपाईले आफ्नो साम्राज्य खडा गर्नुभएको छ ।

दीक्षितः निकै सम्पन्न मणि परिवारको व्यक्ति भए पनि मेरो पिताजीको परिवारका हामीहरूको अवस्था विपन्नै थियो भन्दा हुन्छ । मदनशमशेरका सेवामा पिताजीले मासिक पाउने १ सय देखि ५ सय रूपैयाँसम्मको जागिरले हामी १० जनालाई पिताजीले पाल्नुभएको थियो । मदनशमशेरको २०१० सालमा स्वर्गवास भएपछि रानी जगदम्बाले उहाँलाई जागिर नछोड्न अनुरोध गरेपछि, रानी जगदम्बाले नै हाम्रो परिवारलाई राम्ररी खाई-लाई बस्न सक्ने अवस्थामा पुऱ्याइदिनुभएको हो । रानी जगदम्बाले आफ्नो स्वामित्वमा आएको झन्डै पाँच सय रोपनी ललितपुर पुल्चोकको जग्गा आफ्ना आरक्षित ढोके, पाले, पूजाकोठे, बैठकेलगायत ४० जना जति कर्मचारी र २० जना जति नेपाली कवि-लेखक साहित्यिकलाई वितरण गर्नुभयो । त्यसमा मेरा पिताजीलाई १५ रोपनी तथा उहाँको सेवामा प्रवेश गरिसकेको मलाई समेत ७ रोपनी जग्गा दान गर्नुभएको हो । त्यसलाई मदनशमशेर र रानी जगदम्बाको सम्पत्तिमाथि चलखेल गरेको भन्ने भए त्यो गरिएछ भनौं । तर एउटा कुरो, मेरा पितामाताको सल्लाह र 'उक्साहट'मै परेर रानी जगदम्बाले आफ्नो श्रीमहल दरबार त्यसबेलाको श्री ५ को सरकारलाई तथा साझा केन्द्रलाई ५० रोपनी जग्गा तथा साझा यातायातलाई २२ रोपनी जग्गा लिखित गरी 'दान' गर्नुभएको थियो भन्ने कुरा बिर्सनु नहोला ।

'लबिङ गर्नेले बरू मदन पुरस्कार पाउँदैन'



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुरामा साहित्य सेवा र लोकतन्त्र, व्यवहारमा सामन्तवाद कमल दीक्षितको मूल चरित्र हो भनिन्छ । मदन पुरस्कार पुस्तकालयमा सामान्यजनको पहुँच छैन । तपाईको कृपा नभई त्यहाँका दुर्लभ ग्रन्थको दर्शन गर्न पनि पाइन्न ।

दीक्षितः मदन पुरस्कार पुस्तकालयमा मैले किताब पढ्न पाइनँ भन्ने एक जना 'विद्वान्'को नाम दिनुभए म त्यसमा अनुसन्धान गर्नेछु । भन्नुभएजस्ता 'दुर्लभ' वस्तु अभिलेखालयमा हेर्न कुनकुन मन्त्रालय र विभागको स्वीकृति चाहिन्छ थाहा छ तपाईंलाई ?

तपाईका केही विश्वासपात्र छन् । तिनलाई तपाईले मदन पुरस्कार गुठीका सर्वकालिक अभियन्ता बनाउनुभएको छ । तिनले तपाईले भनेबमोजिमका लेखकलाई मदन पुरस्कार दिलाउँछन् । उत्कृष्ट कृतिहरूमाथि अन्याय भइरहेको छ, निकम्मा लेखकहरू पुरस्कृत भएका छन् ।

दीक्षितः मदन पुरस्कार गुठीमा मेरो को-को विश्वासपात्र रहेछन् ? त्यहाँको १३/१४ जना विद्वान्-विदुषीको नाम पढ्नुभएको छ ? त्यस्ता स्वनामधन्यहरूमाथि यस्तो आरोप लगाउनु उचित होला ?

यस वर्ष 'प्रेतकल्प' (२०६६) जस्ता एक-दुई उत्कृष्ट कृति पन्छाइए । तपाईलाई भनसुन नगरी त्यस्तो गरिमामय भनिएको पुरस्कार पाउनु सम्भव छैन । जगदम्बाश्रीका सन्दर्भमा त्यति गुनासो गरिएको नपाइए पनि मदन पुरस्कारमा दर्खास्त हाल्नेदेखि पहुँच पुऱ्याउनेसम्मका प्रक्रिया विवादमा छन् ।

यस वर्ष युवराज नयाँघरेले कुन दिन मसँग भनसुन गर्न आएछन् कुन्नि क्ष मदन पुरस्कार कुनै एक व्यक्तिले चाहेर कसैलाई दिन सकिँदो रहेनछ भन्ने यो ५४ वर्षमा अब त मान्छेले बुझ्नुपर्ने हो । बरू 'लबिङ' गरेर पनि कुनै कृति पुरस्कृत नभएको चाहिँ मैले अनुभव गरेको छु ।

तपाईको लेखाइमा प्रायशः आफ्नो दीक्षित परिवार बखानको गन्ध आउँछ । आफ्ना बाजेको योगदानप्रति तपाईं बढी नै आशक्त देखिनुहुन्छ । कहिल्यै जनसाधारणका दुःख-पीडाले तपाईलाई पोलेन र तिनले तपाईको लेखनीमा स्थान पाएनन् ।

दीक्षितः 'दुर्भाग्यबस' दीक्षित परिवारमा धेरै जना कवि-लेखक भइदिए, के गर्नु ? मैले सुनेसम्म एउटै परिवारमा यति धेरै जना लेखक छैनन् रे नेपालमा । हो या हैन, थाहा छैन । तर मेरै 'बुइँगल'मा मैले चर्चा गरेको ३ सय जना जति कविहरूमा चार जनाभन्दा बढी दीक्षित रैनछन् । मैले लेखेका ५० वटा जति किताबमा जम्माजम्मी १ सय ६३ कवि/लेखक बुद्धिजीवीहरूबारे मैले कलम चलाएको रहेछु । ती १ सय ६३ मा आधा दर्जन जति मात्र दीक्षित रहेछन् । त्यसैले यो अभियोग कुठाउँमा पऱ्यो कि भन्छु । हो, म किताब र लेखोटकै बारेमा मात्र सोधखोज गर्ने भएकाले कसैको पनि दुःख, पीडाका कुरा मेरा लेखनीमा उठ्दैन । जनसाधारणका दुःख, पीडाले पोल्ने/नपोल्ने कुरा बिल्कुलै बेग्लै विषय हो ।

तपाईंलाई नेपालका गरिबको चाह, जनजीवन र सपनाबारे पटक्कै भेउ छैन । मुठ्ठीभर सम्भ्रान्तको घेराभन्दा बाहिर तपाई केही सोच्नु हुन्न ।

'दुर्भाग्यबस' दीक्षित परिवारमा धेरै जना कवि-लेखक भइदिए, के गर्नु ? मैले सुनेसम्म एउटै परिवारमा यति धेरै जना लेखक छैनन् रे नेपालमा । हो या हैन, थाहा छैन ।

दीक्षितः त्यो छैन होला । तर मैले जुम्ला पुगेका बेला या ललितपुरको साधारणतया कोही नपुग्ने दुर्गम आश्राङ दुर्लुडजस्ता ठाउँका दयनीय अवस्थाको कुरा लेखेको कसैले पढिदिएको छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाई नेपाल बैंक, साझा प्रकाशन वा साल्ट ट्रेडिङ जहाँ काम गर्नुभो, त्यहाँ विवाद धेरै र काम थोरै भयो । विवाद र कमलमणि पर्याय हुन् भनिन्छ ।

दीक्षितः 'विवाद र कमलमणि पर्याय हुन्' भनेर तपाईले नै तोक बोलिसकेपछि मैले जवाफ फर्काउने कुरा आएन । तर मेरो अनुरोध, मेरै ज्ञानका लागि ती-ती ठाउँमा मैले के-के विवादित काम गरेछु, जानिराख्न पाए हुन्थ्यो ।

केदारमान व्यथित कविजीको भनाइ मान्छु म । उहाँ राजनीतिलाई 'शौचालय' भन्नुहुन्थ्यो, साहित्यलाई 'भोजनालय' । म पनि भोजनालय नै रूचाउँछु ।

मदन पुरस्कारको गरिमा र ओजन दिन-प्रतिदिन धूलिसात हुँदै छ । यो विशुद्ध तपाईको आफ्नो स्वार्थ र शैलीका कारण हो ?

दीक्षितः होला । मेरो यसमा भन्नु केही छैन । तर किन हो कुन्नि, अझै नेपाली साहित्यिकहरु अरु ठूलठूला रकमका पुरस्कारभन्दा यही पाउन चाहँदा रहेछन् ।

तपाई वर्तमानसँग डराउनुहुन्छ । मतलब वर्तमान राजनीति, समाज र संस्कृतिप्रति तपाईको चासो छैन । वर्तमानसँग डराएकै कारण तपाई सधैं इतिहासको मात्रै कुरा गर्नुहुन्छ ।

दीक्षितः म वर्तमानसँग डराउन्नँ । म वर्तमानमै संघर्ष गरेर बाँचिरहेको छु । तर राजनीतिप्रति चासो भए पनि म त्यसमा मुछिन्नँ । केदारमान व्यथित कविजीको भनाइ मान्छु म । उहाँ राजनीतिलाई 'शौचालय' भन्नुहुन्थ्यो, साहित्यलाई 'भोजनालय' । म पनि भोजनालय नै रूचाउँछु । इतिहास राजनीतिक मात्र होइन, साहित्यिक, सांस्कृतिकसमेत मेरो चाखका विषय हुन् । म तिनको 'विज्ञ' होइन । विद्यार्थी हुँ, खोज्छु, खोजाउँछु, लेख्छु र लेखाउँछु । यो अपराध हो भने त्यो अभियोग म स्विकार्छु ।



तपाई रूखो, घमण्डी र संकीर्ण हुनुहुन्छ ?

दीक्षितः तपाईले भनेपछि म तेस्तै छु हुँला । अब यो असी वर्षको उमेरमा म आफूलाई परिवर्तन त गर्न सक्तिनँ । त्यसैले म जस्तो छु, त्यसैमा सन्तुष्ट छु भनौं ।

समाज सेवा, अध्ययन-अनुसन्धान वा प्रकाशन जेसुकैमा संलग्न भए पनि तपाईले आफ्नो व्यक्तिगत प्रचारप्रसारलाई प्राथमिकतामा राख्नुहुन्छ ?

दीक्षितः हो, एक जना पोखराका प्राध्यापक मेरोबारेमा विद्यावारिधिको थेसिस लेख्न लागेका रहेछन् । मसँग मबारेमा सोध्न आए, मैले जवाफ दिनैपऱ्यो । यही अन्तर्वार्ता पनि छापियो भने उनले पढ्लान् नै । मैले लेखेका ५० वटा किताबमा पचासै जना विद्वान्ले समीक्षा गरेको संकलन गरेर छाप्यो, नइ प्रकाशनले । त्यसको पनि मैले विरोध गरिनँ । भनेपछि मैले मेरो प्रचार-प्रसारमा प्राथमिकता राखिनँ भनेर मैले कसरी भन्नु ? भगवान् पशुपतिनाथलाई पनि आफ्नो स्तुतिहरु प्रिय लाग्छन् रे । मेरो प्रशंसा गर्नेलाई म कसरी गाली गरुँ ? म त मलाई गाली गर्नेलाई पनि गाली गर्न सक्तिनँ । यस्तै छ ।

तपाई पैसा भनेपछि भुतुक्कै हुनुहुन्छ ?

दीक्षितः म यो विश्वमा धनदौलतमा लालसा नहुने एकै जनाका बारेमा मात्र जान्न पाए कृतार्थ हुने थिएँ । धन देख्ता पशुपतिनाथको त तेस्रो नेत्र खुल्छ रे भने म बबुराको के बुता पैसा चाहिँदैन भन्ने ! तर म पैसामा भुतुक्कै छु भन्ने कुराचाहिँ मलाई यसअघि कसैले सुनाएको थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै सपनामा रमाउँदैछु

—तारा राई 'अनमोल'

अँध्यारो चिर्ने प्रयासमा सफलता नमिलेपछि औंशीको रातमा जसरी ताराहरू रोइदिन्छन्, म पनि आफ्नै अतीत सम्झँदै अँध्यारो रातमा कैयौंपटक भक्कानिँदै रोएँ । हृदयका कुना-कन्दरामा जिउने आशा छिपछिपेसरि भयो । म आफैं, जेजस्तै भए पनि मैले बाँच्नु थियो, हाँस्नु थियो । म आँसुमा हाँसिदिएँ, मरेर पनि बाँचिदिएँ । धेरै पीडा भएर होला, त्यो दुःखाइको व्यथा प्रकट गर्ने कहींकतै शब्द नै भेटिन ।

आकाशमा हेर्छु, बादलले ढाकेको छ । कहींकतै ताराहरू देखिन्छन्, तिनै ताराहरूमा टोलाउँछु म । फेरि सम्झन्छु– फेरि भक्कानो छुट्छ, आँखा रसाउँछन् । ओहो, म ताराहरूको छायाँसम्म भइन भन्ने लाग्थ्यो । आकाशका तारा सबैका निम्ति कति प्रिय छन् तर म ? धर्तीको उपेक्षित 'तारा' थिएँ म । सबैका निम्ति म नजाती बनें, यो सोच्दा मात्रै पनि म आँसु-आँसु हुन्थें । मेरो आँसु, मेरो आहत दैनिकी र अन्धकारका माझबाट जन्मिएको हो–छापामार युवतीको डायरी ।

आफूसँग कोही नहुँदा गाउँघर अनि आफन्तमाझ म एक्ली थिएँ । सबैको घृणा र अपमान ममाथि खनिदा पनि हाँसेर पचाएँ । 'माओवादी'मा हिँडेकी मनेर सबैमाझ एक्लिएँ म । लाग्थ्यो– 'यो अनुहार कालो पाटीमा कोरिएको अक्षर भए सर्रर डस्टरले मेटिदिन्थें । तर सम्झेजस्तो हुन्न जीवन...। जतिबेला मसँग एउटा सिटामोल किनेर खाने पैसा थिएन, त्यो समयमा हरेक २१ दिनमा इन्जेक्सन लगाउनुपर्थ्यो । अभावै-अभावमा जीवनका २० औं वसन्त काट्दै थिएँ म । आखिर बाँच्नु नै थियो, एउटा मृगतृष्णा बोकेर । सकी-नसकी पाइलाहरू घिसारिरहे, लक्ष्य निर्धारण गर्न नसके पनि ।

फलस्वरूप फूल बनेर फुल्यो यो जीवनमा– छापामार युवतीको डायरी । रत्न पुस्तक भण्डारको नसोचेको साथ र सहयोग पाएर मेरो स्वप्नको असली प्रतिविम्ब बन्यो– छापामार युवतीको डायरी । जीवनयात्रामा पछारिदै, उठ्दै, उकाली-ओराली गर्दागर्दै आज म यो ठाउँमा आइपुगेकी छु जुन मेरो अहोभाग्य हो । सायद यसलाई पूर्वजन्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखान्त भनिन्छ क्यारे । म जीवनमा पहिलोचोटि बिग्रिएँ, कसैको माया नपाएर । दोस्रोचोटि बिग्रिएँ, घमण्डी बनेर । तर आज सम्हालिँदैछु– माया, प्रेम, साथ एकैचोटि पाएर ।

अरूको सपनामा रमाउन छाडी आज म आफ्नै सपनामा रमाउँदैछु । विगतमा ज-जसले जे सम्झे पनि निभ्न लागेको बत्तीमा तेल थप्न अनेक माया र प्रेरणा लिएर सहयोगी मन-मुटु र हातहरू मेरा छेउमा आइपुगे । त्यही साथले म एक्ली तारा राईबाट सबैकी तारा राई बन्न सकेकी हुँ ।

मलाई के लाग्छ भने हरेक चिजको, हरेक फलको, हरेक कुराको पाक्ने एउटा समय हुन्छ । मंसिर-पुसमा सुन्तला पाकेझैं । मेरो डायरी लेखिएको एक-दुई वर्ष थन्किएर मात्रै पाक्ने समय आएको रहेछ ।

सैनिक ब्यारेकमा पाएको सद्भाव र मायाले ब्यारेकलाई मैले मन्दिर सम्झिएँ र सिपाही जातिलाई पुजारी । मन्दिर सधैं सफा, पवित्र हुन्छ । तर पुजारीहरू बदलिन सक्छन्, ती पुजारीहरूमा कोही दुष्ट भए कोही सज्जन । ब्यारेकभित्रका मानवीयता, सद्भावलाई मैले सम्मान गर्दै वम-बारुदमाथि उठेर, कर्तव्य र अनुशासनमा बाँधिएर स्वाभिमानको रंग भर्दै उपन्यास लेखेकी छु– 'आफ्नोपनको बन्धन ।' मेरो कथा, मेरो व्यथा मिसिएको 'छापामार युवतीको डायरी' थाहा नै नपाई पाँचौं संस्करण हातमा आइपुग्दा यतिखेर आँखाभरि आँसु पनि छ । कृतज्ञतास्वरूप मानवरूपी साथ दिने देवताका अगाडि नतमस्तक पनि छु । अरू के छ र मसँग ?

मानिस चेतनशील प्राणी हो र स्वार्थी पनि । हिजो जब कुनै समयमा म जीवन र मृत्युको दासाँधमा रुँदै जीवन-रक्षाको, सहाराको साथ माग्दै थिएँ– जुन बेला मेरा सामु कोही आएनन् र, शब्दको सान्त्वना दिन हिचकिचाउनेहरू आज आफन्त भएका छन् । उनीहरू नै मेरा नजिकका शुभचिन्तक भएका छन् । आज मेरो भविष्यको सबैभन्दा बढी चिन्ता उनीहरूलाई नै छ रे । यो दुनियाँ साँच्चै विचित्रको छ ।

जब म तारा राईबाट आज तारा राई 'अनमोल' भएँ, सबैकी प्यारी भएँ । मायालु बहिनी बनें । सम्झन्छु– यो माया र स्नेह त्यो बेला पाएकी भए...। जुन बेला म आफ्नै मनमा शरणार्थीसरह थिएँ ।

कोही भन्छन्, 'तिमी कायर भयौ, तिमी हिँडेको बाटो गलत छ...।'

कोही भन्छन्, 'म मेरी दिदीलाई बलात्कार गर्ने सेनाले तिमीलाई केही गरेन ? (जनदिशा, २०६७/६/२)

अर्काथरी भन्छन्, 'यो डायरी तारा राईले लेखेकै होइन...(जनादेश, २०६७/४/२५, राजु क्षेत्री)

फेरि पाइला चाल्न खोज्छु, कोही आफन्त बनेर पाइला रोक्दै भन्छन्, 'मिडियाको भरमा कुद्नु हुँदैन ।' मन सम्हाल्न खोज्छु एकातिर, भत्कन्छ अर्कोतिर ।

अर्को फेरि भेटिन्छ, 'मेरो बद्नाम भयो...' भन्ने । मलाई के लाग्छ भने हरेक चिजको, हरेक फलको, हरेक कुराको पाक्ने एउटा समय हुन्छ । मंसिर-पुसमा सुन्तला पाकेझैं । मेरो डायरी लेखिएको एक-दुई वर्ष थन्किएर मात्रै पाक्ने समय आएको रहेछ । यसकारण यो पर्खाइमा न आग्रह छ, न पूर्वाग्रह छ मेरो । समय आएपछि रत्न पुस्तकबाट डायरी प्रकाशित भयो नै ।

'छापामार युवतीको डायरी'ले पुऱ्याएको शिखरबाट मलाई कसैले झार्न सक्दैन, जुन उचाइलाई म सधैं आत्मसात् गरिरहनेछु । म यात्रामा थाके पनि रोकिनेवाला छैन । हिजो मलाई बिर्सिएर जानेहरू आज सम्झिएर फर्कीफर्की बोलाउँदैछन्, बोल्दैछन् मायाले (भित्र अर्के रूप भए पनि) । तर मैले बुझेको एउटै यथार्थ यही हो– बलेको आगो सबैले ताप्छन् ।

–पञ्चकन्या-७, आठघरे, इलाम ।
असोज १५, २०६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैष्णवको कविता, देवकोटाको अंग्रेजी

देवकोटाज्यू, तासकन्द (रूसको) सम्मेलनबाट फर्कनुभएको थियो । र अंग्रेजीमा भटाभट निबन्ध लेख्न लाग्नुभएको थियो- घोप्टो परेर । त्यसबखत अन्तर्राष्ट्रिय जगत्मा नेपालको बौद्धिक परिचय दिने लहर चलेको थियो । पछि मैले पनि अंग्रेजी भाषामा कविता उतारी 'आत्म परिचय' दिने रहर प्रकट गरें । त्यसबेला म नेपाली भाषामा 'उपहार' कविता सुनाउँदै जाने र उहाँले सुनेको भरमा अंग्रेजी भाषामा रूपान्तरित गरिदिने गर्न थाल्नुभयो ।'

सन्दर्भ देवकोटा जयन्ती

कवि श्यामदास वैष्णवले आफ्नो नयाँ काव्यकृतिमा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई यसरी कृतज्ञता जनाएका छन् । देवकोटा जीवित छँदै २०१५ सालमा पहिलोपटक नेपालीमा छापिएको र त्यसपछि २०१६ सालमा अंग्रेजीमा 'द प्रेजेन्ट' नाममा छापिएको एउटा दुर्लभ संग्रह अहिले पुनः प्रकाशनमा आएको छ, आधा शताब्दीपछि । महाकवि देवकोटाको शतवार्षिकी समारोहका अवसरमा रत्न पुस्तक भण्डारले हालै बजारमा ल्याएको काव्यकृतिमा देवकोटाको अंग्रेजी अनुवाद भाषा मात्रै होइन, कवि श्यामदास वैष्णवमाथिको भूमिका पनि अंग्रेजीमा छ । 'श्री श्यामदास वैष्णव चस्मा भिरेका, त्यति बनिनु नपर्ने, बाह्य रूपलाई बेवास्ता गर्ने, खुम्चेको सुरूवाल र धस्रिएको कोटमा हुन्छन्,' देवकोटाको अंग्रेजी भूमिकाको अनुवाद पनि रमाइलो छ, 'उनी नयाँ काठमाडौंको चिन्तनशील आत्माको प्रतीक हुन् ।'

९० वर्ष उमेरको छेउछाउमा पुगेका कवि वैष्णव 'महाकविका गणेश' भनेर चिनिन्थे । महाकविका शाकुन्तल, सुलोचना, वनकुसुमजस्ता काव्य-कृतिहरू वैष्णवले उतारिदिएका थिए । पछि २००१ सालमा देवकोटाले उनलाई नेपाली भाषा अनुवाद् परिषद्मा जागिरे बनाइदिएका थिए । 'द प्रेजेन्ट' (उपहार) मा रहेका २० कवितामध्ये केही रूसी र हिन्दी भाषामा समेत प्रकाशित भएको वैष्णवको भूमिकामा उल्लेख छ ।

अनुवाद साहित्यमा पीएचडी गर्ने लेखक गोविन्दराज भट्टराईको बुझाइमा 'द प्रेजेन्ट कृतिमा महाकविको सहज, स्वाभाविक र शक्तिशाली अनुवाद' पाउन सकिन्छ । पुस्तकमा देवकोटाले लेखेको 'इन्ट्रोडक्सन'को नेपाली अनुवादसमेत यसमा समेटिएको छ । 'महाकविको इन्ट्रोडक्सन कम खाँदिएको होइन, स्तरीय, साहित्यिक अंग्रेजी । बरू नेपालीमा उतार्दा यो फितलियो कि जस्तो डर पनि लाग्छ,' भूमिकाका अनुवादक डा.भट्टराईले भनेका छन् ।

संवत् १९९५ देखि २०१६ सम्म महाकविको निकटतम संगतमा रहेका वैष्णवको कवित्वको चर्चा गर्दै देवकोटाले लेखेका छन्, 'उनका कवितामा बिराला भुक्छन्, कुकुरले गीत गाउँछन् । आयुर्वेदिक कविराजले भैं उनी आफ्ना परिवेशका ससाना वस्तुहरूको नाडी छाम्छन् ।'

'उपहार' लाई एउटा ऐतिहासिक दस्तावेज मानेर बजारमा ल्याएको प्रकाशक रत्न पुस्तकले जनाएको छ । झट्ट पढ्दा कवितामा त्यत्रो उचाइ र गहिराइ नरहे पनि महाकवि देवकोटाको अंग्रेजी अनुवादलाई भने पाठकले 'दुर्लभ' मान्न सक्छन् । कवि वैष्णवले एउटा कवितामा भनेका छन् :

आजकल,
कुकुरको सट्टा 'मोटर' भुक्छ !
नपत्याए सडकमा डुली हेर !
मालतालको सट्टा 'इमान' बिक्छ !
नपत्याए बजारमा किनी हेर !



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकांश नेपालीभाषी नागरिकको बसोबास रहेको दार्जिलिङमा अहिले 'गोर्खाल्याण्ड' आन्दोलन चलिरहेको छ । पश्चिम बंगाल राज्यबाट छुट्टिएर दार्जिलिङलाई केन्द्रविन्दु बनाई 'गोर्खाल्याण्ड' नामको अलग्गै राज्य स्थापना गरिनुपर्ने माग राखेर त्यहाँ आन्दोलन चल्दै आएको हो । 'गोर्खाल्याण्ड' सम्बन्धमा पछिल्लोपल्ट दिल्लीमा सम्पन्न राजनीतिकस्तरको पहिलो त्रिपक्षिय वार्ता निष्कर्षविहीन भएपनि दार्जिलिङमा आन्दोलन जारी छ ।

विमल गुरूङ नेतृत्वको गोर्खा जनमुक्ति मोर्चा पार्टीले नेतृत्व गरेको आन्दोलनलाई सबैले साथ दिंदै आएका छन् । सन् १९८६ ताका सुवास घिसिङको नेतृत्वमा १२ सय नागरिकको ज्यान जानेगरी यस्तै आन्दोलन भए पनि 'गोर्खाल्याण्ड' राज्य कायम हुनसकेको थिएन । पछिल्लोपल्ट सन् २००७ अक्टोबरदेखि पुनःजागरण भएको आन्दोलनलाई अहिले पश्चिम बंगाल राज्यमात्र होइन केन्द्रीय सरकारले पनि चासो दिन थालेको छ । यसै सन्दर्भमा काठमाडौं आएका बेला केही भारतीय नेपाली साहित्यकारसँग 'गोर्खाल्याण्ड' आन्दोलनबारे लिइएको प्रतिक्रिया-

साहित्यकारको गोर्खाल्याण्ड

इन्द्रबहादुर राई, दार्जिलिङ

गोर्खाल्याण्डको नारा अहिलेको होइन, धेरै पुरानो हो । मेरो एउटै मान्यता के छ भने सन् तीसको दशकमा भारतमा कांग्रेसले अंग्रेज सरकारबाट पाएको उपलब्धिको तौरतरिकामा 'केही पाउने' तकनिकि अपनाउनु जरूरी हुन्छ । वार्ता र सहमतीबाट जे-जति पाउन सकिन्छ, त्यो लिइहाल्नुपर्छ । त्यसपछाडी अर्को कदम र उपाय अवलम्बन गर्नु महत्वपूर्ण हुन्छ । 'यति नभई हुँदैन' भन्ने अडानमैं अडिग हुने हो भने टुङ्गोमा पुग्न निकै मुश्किल पर्छ ।

गोमा शर्मा, गुवाहटी

गोर्खाल्याण्ड राज्य माग्नु नेपालीभाषीको गौरवको कुरा हो । हामीले भारतमा ३५ बर्षसम्म आन्दोलन गरेर नेपाली भाषालाई संवैधानिक मान्यता दिलाएजस्तै दार्जिलिङवासीले संघर्ष जारी राख्नुपर्छ । बंगालसँग हरेक कुरा नमिल्ने भएकाले नेपालीभाषीले छुट्टै राज्य माग्नु जायज कुरा हो । दार्जिलिङवासीले रात दिन जारी राखेको आन्दोलनलाई पूर्वोत्तर भारतका लाखौं नेपालीले सुरूबाटै प्रत्यक्ष अप्रत्यक्ष समर्थन गरेकै छन् । भावी दिनमा पनि समर्थन हुनेछ ।

मनप्रसाद सुब्बा, दार्जिलिङ

भारतमा बस्ने नेपालीभाषीको आफ्नै चिनारी हुनु आवश्यक छ । यसका लागि गोर्खाल्याण्ड राज्य कायम गरिनुपर्छ । भाषा, संस्कृति नेपाली भएपनि हामी भूमिसंगै विलय भएर भारतीय भएका हौं । कतिपय सन्दर्भमा हामीलाई 'आप्रवासी' भन्ने आरोप लाग्दै आएको छ । गोर्खाल्याण्ड राज्य भएमा दार्जिलिङ क्षेत्रका नेपालीभाषीले झेल्दै आएका समस्या टुंगिन्छन् । हाम्रो माग सान्दर्भिक भएकाले कुनै न कुनै दिन पूरा भएरै छोड्नेछ ।

टीकाराम उपाध्याय, गुवाहटी

म गुवाहटीमा बसेपनि दार्जिलिङबारे चासो राखिरहन्छु । त्यहाँ फेरि गोर्खाल्याण्ड आन्दोलन तातेको छ । चिया टिप्ने मजदुरदेखि स्कुल जाने कलिला विद्यार्थीसमेत छुट्टै राज्य हुनुपर्छ भनेर जुलुस र धर्नामा निस्कनु अधिकारको कुरा हो । यसलाई गम्भीरतापूर्वक लिंदै सरकारले नेपालीभाषीको हक हितमा ध्यान दिनुपर्छ । असमका नेपालीभाषीले पहिलेभन्दा केही बढी अधिकार उपभोग गर्न पाएका छन् । दार्जिलिङलाई चाहि गोर्खाल्याण्डकै खाँचो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्जय बान्तवा, बनारस

बनारसको काशी हिन्दु विश्वविद्यालयमा प्राध्यापनरत भए पनि म जन्मेको दार्जिलिङमैं हो । अहिले पनि बाक्लै आउजाउ भइरहन्छ । सन् १९८६ को आन्दोलनमा त म विद्यार्थी मोर्चामा आवद्ध भएर आन्दोलनमा होमिएकै थिएँ । अहिले टाढा बसेरै पनि गोर्खाल्याण्डको समर्थक हुँ । शिक्षित बेरोजगार बढ्दै जानु दार्जिलिङको चर्को समस्या हो । यदि गोर्खाल्याण्ड राज्य भएमा थुप्रैले नोकरी पाउँथे । भारतमा नेपालीको सान नै अर्को हुनेथ्यो ।

डा. जीवन नाम्दुङ, दार्जिलिङ

बच्चाबच्चीदेखि बूढापाकासम्मले साथ दिएको आन्दोलनले गर्दा गोर्खाल्याण्ड प्राप्त हुने आशा बढ्दैछ । पहिलेको आन्दोलन उत्कर्षमा पुगे पनि दार्जिलिङ गोर्खा पार्वत्य परिषद् पाउँदैमा चित्त बुझाउनु पऱ्यो । अब त्यस्तो हुने छाँट छैन । आन्दोलन गरिरहेको पार्टीका नेताले छुट्टै राज्य नभएसम्म आन्दोलन नरोक्ने बताउँदैछन् । हामी लेखक साहित्यकारले पनि आ आफ्ना सिर्जनामार्फत यो आन्दोलनलाई होस्टेमा हैसे गरेकै छौं ।

दुर्गाप्रसाद श्रेष्ठ, बनारस

संघीय भारतमा अर्को छुट्टै राज्य माग्नु अनौठो कुरा होइन । भरखरै तेलङ्गाना राज्य कायम गर्ने कुरा चर्चाको विषय बनेको छ । हक अधिकारबाट वञ्चित नेपालीभाषी जस्तै त्यहाँका आदिवासीले पनि छुट्टै राज्य पाउने सम्भावना बढेको छ । उत्तरप्रदेशबाट उत्तराञ्चल राज्य पनि बनाइएकै हो । पश्चिम बंगाललाई टुक्रयाएर 'गोर्खाल्याण्ड' बनाइए लाखौं नेपालीभाषीको भाग्य र भविष्य उज्ज्वल हुन्थ्यो । आन्दोलन जारी राखे यो सम्भव छ ।

गीता उपाध्याय, गुवाहटी

असमपछि धेरै नेपालीभाषी बस्ने ठाउँ हो दार्जिलिङ । त्यताका कालेम्पोङ, खरसाङ, मिरिक, रिम्बिक, सौरेनी, सिलिगुडी, डुवर्स आदि ठाउँका नेपालीहरू पहिलेदेखि नै गोर्खाल्याण्ड राज्य हुनुपर्छ भनेर कराइरहेका छन् । समाचारपत्रहरूमा त्यसको थुप्रै चर्चा परिचर्चा भइरहन्छ । बंगालमा बस्नुपर्दा भाषा संस्कृति नमिलेको भन्दै असन्तुष्टि पोखिरहेका उनीहरूको माग सम्बोधन हुनुपर्छ । गोर्खाल्याण्ड भएमा भारतमा नेपालीको हैसियत बढ्थ्यो ।

गुप्त प्रधान, दार्जिलिङ

कुनैबेला गोर्खाल्याण्ड राज्यकै माग्दै आन्दोलन चलाएका सुवास घिसिङ असफल भए पनि विमल गुरूङले अहिले आन्दोलन हाँकिरहेका छन् । छिमेकी भएकाले घिसिङबारे धेरै कुरा जान्दछु । उनी बोलेको कुरा पूरा गर्न नसकेर असफल भएका हुन् । अब त्यस्तो धोका नहोला जस्तो लाग्छ । आन्दोलनको आँधीबेहेरी यति धेरै चलेको छ कि, अब पार्टी नेतृत्वले गोर्खाल्याण्ड राज्य प्राप्तिबाहेकका कुरामा सम्झौता गऱ्यो भने जनताले थान्को लगाउनेछन् ।

लीलबहादुर क्षेत्री, गुवाहटी

गुवाहटी बसे पनि दार्जिलिङबारे सधैं सुनिरहन्छु । साथीभाइसँग कुरा पनि भइरहन्छन् । गोर्खाल्याण्डको नारा गुञ्जिएको थाहा पाउँदा मन खुसी हुन्छ । असममा पनि आदिवासीहरूले फरक राज्य माग्दै वर्षौंदेखि आन्दोलन गर्दै आएका छन् । तर त्यहाँ तत्काल अर्को राज्य जन्मिइहाल्ने सम्भावना देखिदैनँ । बौद्धिक तर्कसहित आन्दोलनमार्फत अझ दवाब दिइरहने भारतलाई 'गोर्खाल्याण्ड' दिन कर लाग्छ ।

शरद क्षेत्री, दार्जिलिङ

अधिकार माग्दा नपाए खोसेर लिनुपर्छ भन्ने मान्यता जस्तै अचेल दार्जिलिङे नेपाली 'गोर्खाल्याण्ड' हात पार्ने दाउमा छन् । दुई वर्षदेखि हरेक घरका नागरिक गोर्खाल्याण्ड आन्दोलनमा सक्रिय छन् । महिलाहरू कामधन्दा भ्याएर जुलुसमा नारा लाउन जान्छन् । ड्राइभरले गाडीमा गोर्खाल्याण्ड लेखेका छन् । विद्यार्थी भोक हड्तालमा उत्रन्छन् । सबैतिरको साथ सहयोगले छुट्टै राज्यको सम्भावना बढ्दैछ ।

नरबहादुर दाहाल, दार्जिलिङ

दार्जिलिङतिरका नेपालीहरू अचेल कामधन्दा भुलेर अधिकार खोज्दैछन् । बंगालबाट हेपिएको अनुभव गरेका नेपालीले छुट्टै राज्य हुनुपर्ने अडान राख्दैछन् । हिंसात्मक होइन शान्तिपूर्ण आन्दोलनमार्फत गोर्खाल्याण्डको माग चर्काएका नेपालीभाषीसँग सरकारले तीन चारवटा वार्तासमेत गरेको छ । छुट्टै राज्य माग्ने आधार देखाएर आन्दोलन जारी राखे 'गोर्खाल्याण्ड' पाइन्छ ।







Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिभक्तसँगको रत्न-इतिहास





कवि हरिभक्त कटुवाल (१९२०-२०३६) नेपाली साहित्यमा सबैभन्दा बढी पढिने र मन पराइनेमध्येका एक कवि हुन् । उनका 'यो जिन्दगी खै के जिन्दगी' कवितासंग्रह २०२९ सालमा पहिलोपटक प्रकाशित भएको थियो र, हालै चौथो संस्करणमा आएको छ । एकसाथ नेपाली साहित्यमा अव्यवस्थित, अस्तव्यस्त, नशामा चुर भएर हिँड्ने र अव्यावहारिकजस्ता 'इमेज' बनाइएको भए पनि कवि हरिभक्त जत्तिको विम्ब र संकेतमा कलम चलाउने स्रष्टा अरु कमै मात्र भएको मूल्यांकन पनि एकसाथ छँदैछ ।

'कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिनँ । जिन्दगी जिउने क्रममा आइपरेका मधुर क्षणहरूलाई समात्ने प्रयास मात्र गरेको छु, जो कतै बारूद गन्हाएका छन् त कतै फूल मग्मगाएका छन् । मलाई मधुर लागेका यी क्षणहरूले कसैलाई विरक्त पनि पार्ला, म विवश छु । के गरूँ ?', 'यो जिन्दगी खै के जिन्दगी' कविता-कृतिको २०२९ साल जेठ १२ गते लेखिएको भूमिकामा कवि कटुवालले भनेका छन् ।

'कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिनँ ।

यस्तै, २०३० साल कात्तिक १ गते रत्न पुस्तक भण्डारसँग गरिएको अर्को करारनामामा कवि कटुवालले उनको कथासंग्रह 'प्रस्टीकरण'को बिक्री अधिकार दिएको दस्तावेज छ । विषय र शैलीमा सामान्य कथा भए पनि कविको कथाकार चिनारी आफैंमा रमाइलो छ । 'कथा एउटा रहर मात्र हो मेरा लागि । नलेखेको भए पनि हुन्थ्यो । तर केले कुत्कुत्याएर हो, यो १२-१३ वर्षभित्र दुई दर्जनजति कथा लेखिएका छन् । तिनमा पनि १२ वटा कथाको पाण्डुलिपि एक जना मैले वरिष्ठ ठानेका कथाकारकहाँ भूमिका लेखी मागेर पठाएको थिएँ छ-सात वर्षअघि, फर्केन । उस्तो पीर मानिनँ । मेरा ती कथाभन्दा मेरा वरिष्ठ मित्रबाट हाम्रो साहित्यले पाइरहेको कथा मलाई मन पर्ने खालका छन् । मैले यसरी चित्त बुझाएको छु,' कथाको भूमिकामा कवि कटुवालले भनेका छन् ।


रत्न पुस्तक भण्डार

भोजाहिटी, काठमाडौं
नेपाल

'यो जिन्दगी खै के जिन्दगी' कविता संग्रहको प्रथम संस्करणको सम्पूर्ण हकहक स्वत्व आपत लिखित धारण २०३१ र रू १००/- (एकसय रुपैयाँ) प्राप्त भयो ।

हरिभक्त कटुवाल
०३०/३/२९

कवि एवं कथाकार कटुवालको त्यही समय र सिर्जना झल्काउने दस्तावेजलाई यसपटक इतिहासको पानाबाट स्तम्भमा समेटिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रायल्टीमा पुस्तक प्रकाशन गर्ने दिने करारनामा

हामी । म श्री भक्त कटुवाल ले लेखेको स्वयं कथा पुस्तक छापी प्रकाशन गर्ने तर्फ हामी । म लेखकहरू । लेखकको र तपाई रत्न पुस्तक भण्डार का० ई मोटाहिटी काठमाडौं सित छुराकानी हुंदा निम्न विवरण बमोजिमको निम्न शर्तमा छापी प्रकाशित गर्ने । गराउन हामा छुने लेखक र प्रकाशकको मन्जुर। भएका हुदा आजका मितमा विवरण र शर्तनामाको करारनामा गरी म । हामी लेखक । लेखकहरूको सही परेको प्रकाशकले र प्रकाशकको सही परेको लेखकले बुझी लिई विवरण शर्त बमोजिम उक्त पुस्तकको प्रकाशन गर्ने अधिकार दियौं । लियौं ।

विवरण

१। पुस्तकको नाम :- स्वयं कथा (कथासंग्रह)
२। छापीने पुस्तक प्रति :- १००० (एक हजार)
३। प्रकाशन गर्ने दिएको संस्करण :- पहिलो
४। लेखक । लेखकहरूको नाम र ठेगाना :- श्री भक्त कटुवाल सल्लीकाँड, आसाम. होस
५। पूर्व प्रकाशित संस्करण :-
६। पूर्व प्रकाशकको नाम र ठेगाना :-

शर्तनामा

१। पुस्तकको अंकीत मुल्यको शयकडा २५/१५ प्रतिशत लेखकलाई प्रकाशकले रायल्टी दिनु पर्नेछ ।
२। रायल्टीको रकम बिक्रीको आधारमा प्रत्येक ३ महिनामा दिँदै गरी अर्को संस्करण छापीने पूर्व चुक्ता गरी दिनु पर्नेछ ।
३। पुस्तकको सर्वाधिकार लेखक । लेखकहरूमा नै रहने छ र प्रकाशकले लेखक । लेखकहरूलाई यस शर्तनामा बमोजिम रायल्टीको रकम चुक्ता गरूञ्जेल र यो शर्तनामा बमोजिम गरूञ्जेल प्रकाशनको अधिकार यस रत्न पुस्तक भण्डारमा रहने छ ।

उपरोक्त शर्तनामा बमोजिम प्रकाशन गर्न दिन र प्रकाशित गर्न मन्जुर भएकोले यस प्रकाशनको गि छापी प्रकाशित गर्ने अधिकार दियौं । लियौं ।

। सम्वत २०.. साल ... गते १ रोज शुभम् - - - - - - - - - - - - - - - -

। लेखकहरूको हस्ताधार

भक्त कटुवाल

गाउं- अम्बिकापुर
पो. आ. चेंडेरी
VIA - सिवोई
डिब्रुगढ, आसाम (भारत)

प्रकाशकको हस्ताधार
For Ratna Pustak Bhandar,
Proprietor.

३१

बान्को मासिक गोजिका अ. का. वा. अ. २८।२७

13.11.73.

बसु शिवाप्रसाद

नमस्कार ।

कागजात पठाउँदैछु (यहाँ [illegible] हामी उपलब्धि [illegible] हस्ता उपलब्ध चाहनुहुन्छ) रत्न दाइ [illegible] नमस्कार भनिदिनु हुनेछ) मायाका कुनैमा कागजात अनिवार्य पठाएको छु । चाँडै अंग्रेजी आलोचनात्मक कृति देखी यहाँ छापनु सक्नु छ भने पठाउनु होला । पत्रोत्तरको आशामा

भवदीय
भक्त कटुवाल

(१६८०) १००००(६
९०८८०
१२०

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कृतिले लेखक स्थापित हुन्छ

पत्रकार नारायण वाग्ले छोटो समयमा स्थापित उपन्यासकार हुन् । वाग्लेले कविका रूपमा सृजनशील लेखनमा हात हालेका हुन् । वाग्लेको तीन वर्षअघि प्रकाशित 'पल्पसा क्याफे' उपन्यासले मदन पुरस्कार पाउन सफल भयो भने यस वर्ष आएको अर्को उपन्यास 'मयूर टाइम्स'का कारण पनि उनी उत्तिकै चर्चामा छन् ।

पल्पसा क्याफे र मयूर टाइम्सबीचमा तपाई आफूले पाएको अन्तर के हो ?

यी उपन्यास फरक पृष्ठभूमि र चरित्रका छन् । यिनमा पाँच वर्षको समय-अन्तर छ । देशको समय फेरिएको छ, सायद जटिलता थपिएको छ । 'पल्पसा क्याफे' लेख्दाको मेरो मनोभाव, उमेर, जिज्ञासा, अनुभव पछिल्लोमा फेरिएको छ । पहिलो बढी लालित्यपूर्ण थियो भने दोस्रो झन सरल, सहज र सोझो बन्न पुगेको छ । दोस्रोमा पत्रकारितालाई कथा भन्ने माध्यम बनाइएकाले मेरो आफ्नो परिवेश बढी झल्किएको छ ।

मयूर टाइम्स बजारमा आएको दस दिनमैं १० हजार प्रति बिक्री भएको खबर आयो । यस्तो बजारले साहित्य र लेखकको 'गुणात्मक प्रबर्द्धन' कत्तिको गर्छ जस्तो लाग्छ ?

पुस्तक बढी बिक्नु लेखकको हितमा छ । लेखेर जीविका गर्न सकिने सम्भावना यसले बढाउँछ । पाठक बढाउनु नेपाली लेखकको चुनौती हो । यो हाम्रो जिम्मेवारी हो । नेपाली लेखनलाई लोकप्रिय बनाउनु यसप्रति आकर्षण कमाउनु हो । बढी लेखक र बढी पाठक भए नेपाली वाङ्मय गतिशील हुन्छ, गतिशीलताले यसको गुण बढाउँछ । गैर-परम्परागत पाठकलाई पब्लिकेशन नेपालयले निशाना बनाएको छ । परम्परागत पाठक त त्यसै पनि पुस्तक पढ्छन् ।

तपाई पहाडमा जन्मे-हुर्केको लेखक हुनुहुन्छ । कसरी मधेसको सेन्टिमेन्ट, मैथिल स्वाद र विषयमा पकड राख्नुभएको हो ? उपन्यासमा उपयोग भएको मैथिल शब्द कसरी सिक्नुभयो ?

म पहाडिया भए पनि मधेस घुमेको छु । लेखनका सिलसिलामा मधेसी भावना बुझ्ने प्रयत्न गरेको छु । मैथिल शब्दका लागि मैले आफ्ना सहकर्मीहरूको सहयोग लिएको छु । बिराटनगरबाट अजित तिवारीले मलाई बढी सहयोग गरेका छन् । मधेसी समाजको चरित्र र नागरिकका चिन्ता पहिल्याउने प्रयत्न पत्रकारिताकै क्रममा पनि गर्दै आएको छु ।

आफूले पछिल्लो समयमा नेपालीमा आएका पुस्तक कुनकुन पढ्नुभयो ?

मैले भरसक राम्रा पुस्तक पढ्न खोजेको छु । पछिल्लो समय नारायण ढकालको प्रेतकल्प पढें । ऋषिराज बरालको संस्मरणात्मक निबन्ध संग्रह पढें । दीनानाथ शर्माको त्यस्तै संग्रह पढ्दै छु । लैनसिंह बाङदेलको 'मुलुक बाहिर म' पनि पढ्दै छु ।

कुनै पुरस्कार वा सम्मानका आधारमा मात्रै लेखक वा उसको कृति स्थापित हुन सक्छ भन्ने लाग्छ ?

पुरस्कार र सम्मानले लेखक र पुस्तकलाई परिचित गराउँछन् । पाठकलाई पढ्न प्रेरित गराउँछन् । लेखकको स्थापना त कृतिले गर्छ । पाठकले कसरी ग्रहण गर्छन्– त्यसमा त्यो भर पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu